*अन्तिम मस्यौदा*

# राजस्व सुधार कार्ययोजना

**(Revenue Improvement Action Plan- RIAP)**

**आर्थिक वर्ष २०७७/७८ - २०७९/८०**




# रामप्रसादराई गाउँपालिका

**बैकुण्ठे, भोजपुर जिल्ला, प्रदेश नम्वर १**

फोन नम्वर : ९८५२०७३८८६, ९८५२०७३८८८

इमेल/वेवसाइट :ramprasadrai.rm@gmail.com www.ramprasadraimun.gov.np

**फाल्गुन २०७६**

| दस्तावेज /प्रतिवेदन | |
|---|---|
| दस्तावेज | : रामप्रसादराई गाउँपालिकाको राजस्व सुधार कार्ययोजना |
| परामर्श सहयोगी संस्था | : गभरनेन्स तथा डिजाइन सोलुशन प्रा.लि. काठमाडौं |
| मिति | : २०७६ फाल्गुन |

# कृतज्ञता

बिजय राई
अध्यक्ष
रामप्रसादराई गाउँपालिका

# विषय सूची


| क्रसं. | शिर्षक | पेज नम्वर |
|---|---|---|
| **१** | **परिच्छेद एक : परिचय** | **६** |
| १.१ | पृष्ठभूमि | ६ |
| १.२ | राजस्व सुधार योजनाको आवश्यकता | ६ |
| १.३ | कार्यक्रमको उद्देश्य | ८ |
| १.४ | राजस्व सुधार कार्ययोजना अध्ययन तथा तर्जुमा विधि र प्रक्रिया | ८ |
| १.५ | सीमा | ९ |
| **२** | **परिच्छेद दुई : गाउँपालिकाको वस्तुस्थिति** | **१०** |
| २.१ | भौगोलिक अवस्थिति | १० |
| २.२ | राजनीतिक तथा प्रशासनिक विभाजन | १० |
| २.३ | जनसंख्या विवरण | १० |
| २.४ | आर्थिक तथा सामाजिक अवस्था | ११ |
| २.५ | भौतिक पूर्वाधारमा पहुँच | १३ |
| २.६ | संगठनात्मक संरचना | १३ |
| २.७ | गाउँपालिकाको वित्तीय अवस्था | १४ |
| **३** | **परिच्छेद तीन : स्थानीय तहको राजस्व अधिकार** | **१५** |
| ३.१ | संवैधानिक व्यवस्था | १५ |
| ३.२ | कानूनी व्यवस्था | १५ |
| **४** | **परिच्छेद चार : राजस्व परिचालन अवस्था र विश्लेषण** | **१८** |
| ४.१ | राजस्व परिचालन सम्वन्धी दीर्घकालीन तथअ अल्पकालीन नीति कार्यक्रम | १८ |
| ४.२ | राजस्वको आधार विश्लेषण | १९ |
| ४.३ | राजस्व दररेट विश्लेषण | २३ |
| ४.४ | राजस्व प्रशासन संयन्त्र विश्लेषण | २६ |
| **५** | **गाउँपालिकाको राजस्व प्रक्षेपण** | **२८** |
| ५.१ | आय प्रक्षेपण | २८ |
| ५.२ | आगामी ३ वर्षको आन्तरिक आय प्रक्षेपण | २८ |
| ५.३ | आगामी ३ वर्षको वाह्य आय प्रक्षेपण | २९ |
| **६** | **राजस्व सुधार योजना** | **३१** |
| ६.१ | कर राजस्व सुधार योजना (रणनीति, कार्यक्रम र कार्ययोजना) | ३१ |
| ६.२ | गैर राजस्व सुधार योजना (रणनीति, कार्यक्रम र कार्ययोजना) | ३४ |
| ६.३ | राजस्व प्रशासन सुधार योजना (रणनीति, कार्यक्रम र कार्ययोजना) | ३६ |
| | **अनुसूचीहरु** | ३९ |

# तालिका विवरण


| तालिका नम्वर | शिर्षक | पेज नम्वर |
|---|---|---|
| १ | राजस्व सुधार कार्ययोजना तर्जुमा विधि प्रक्रिया | ९ |
| २ | जनसंख्या विवरण | १० |
| ३ | खाद्यान्नको उपलव्धता र जग्गाको स्वामित्व विवरण | ११ |
| ४ | व्यापार व्यवसाय विवरण | १२ |
| ५ | गाउँपालिकाको आय विवरण | १४ |
| ६ | आर्थिक वर्ष २०७५/७६ को आन्तरिक आय | २१ |
| ७ | भूउपयोगका आधारमा भूमि वर्गीकरण र अनुमानित राजस्व | २२ |
| ८ | व्यवसायवाट अनुमानित राजस्व संकलन | २२ |
| ९ | भूमिकर (मालपोत) को करदर | २३ |
| १० | संरचनाको करदर | २४ |
| ११ | आगामी ३ वर्षका लागि कूल आय अनुमान | २८ |
| १२ | गाउँपालिकाको ३ वर्षीय आन्तरिक आय प्रक्षेपण | २९ |
| १३ | गाउँपालिकाको ३ वर्षीय वाह्य श्रोत प्रक्षेपण | २९ |
| १४ | कर राजस्व सुधार कार्ययोजना | ३२ |
| १५ | गैरकर राजस्व सुधार कार्ययोजना | ३५ |
| १६ | राजस्व प्रशासन सुधार कार्ययोजना | ३७ |

# परिच्छेद - एक : परिचय

## १.१ पृष्ठभूमि

वर्तमान संविधानले राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको कार्यजिम्मेवारी निर्धारण गरेको छ । यसै बमोजिम स्थानीय सरकारलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको परिपूर्तीका लागि संघ तथा प्रदेश सरकारबाट वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यबस्था गरेकोछ । संघ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्तो अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न संभव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिएको हुँदा संघीय वित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैरकरहरु लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गरिएको छ । यस बाहेक स्थानीय तहले संविधान र संघीय कानून बमोजिम नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानूनी व्यबस्था समेत गरिएको छ ।

स्थानीय सरकारको वढ्दो खर्च धान्नका लागि र उनीहरुको सामर्थ्य वृद्धि गर्नका लागि पनि स्थानीय तहहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नु पर्ने आवश्यकता अपरिहार्य बन्न पुगेको छ । यसका लागि स्थानीय तहको राजस्व अधिकारका संभावनाहरुको खोजी गर्ने, संभाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यबस्थापकीय सुधारका उपायहरु पहिचान गरी कार्यान्वयनमा ल्याउने र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको खाँचो देखिन्छ ।

यसै आधारमा रामप्रसादराई गाउँपालिकाको आफ्नै पहल र वजेटमा यो राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan- RIAP) तर्जुमा तयार पारिएको हो । आगामी ३ वर्षका लागि तयार पारिएको यो कार्ययोजना तर्जुमाको क्रममा सम्वन्धित सवै पक्षहरुसंग व्यापक छलफल, अन्तरक्रिया र विस्तृत अध्ययन भएको छ र सोही अनुसार प्रतिवेदन तयार पारिएको छ । यस कार्यमा प्राविधिक सहयोग गर्ने संस्था "गभरनेन्स तथा डिजाइन सोलुशन (Governance and Design Solutions- GDS)" काठमाडौको अमूल्य योगदान रहेको छ ।

कार्ययोजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको वित्तीय नीति कार्यक्रम, लक्ष्य, उद्देश्यलाई मनन गरिएको छ । त्यसैगरी नेपालको संविधान, २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत वित्त आयोग ऐन, २०७४ मा व्यवस्था गरिएको वित्तीय अधिकार क्षेत्रमा रही रामप्रसादराई गाउँपालिकाको तीन वर्षिय राजस्व सुधार कार्ययोजना तर्जुमा भएको छ । कार्य योजना तर्जुमा गर्दा रामप्रसादराई गाउँपालिकाको आर्थिक ऐन, २०७६ र गाउँपालिकाको वित्तीय नीति कार्यक्रमलाई आधार मानिएको छ । राजस्व सुधार कार्ययोजना तर्जुमा गर्दा संघीय अवधारणा, वित्तीय विकेन्द्रीकरण, वित्तीय सुशासन, प्रगतिशिल कर प्रणाली जस्ता पक्षहरुलाई आत्मसाथ गरिएको छ र राजस्वको क्षेत्र तथा दायरालाई फराकिलो पार्दै न्यून कर दररेटमा जोड दिइएको छ । राजस्व प्रशासनलाई प्रभावकारी पार्दै छिटो प्रतिफल अर्थात पूँजी अभिवृद्धि हुने क्षेत्रहरुमा राजस्व परिचालन गर्ने नीति समेत गाउँपालिकाले अंगिकार गरेको छ ।

गाउँपालिकाको समग्र रुपमा विद्यमान वित्तीय अवस्थाको अध्ययन, विश्लेषण गरी कार्ययोजना तर्जुमा, गाउँपालिकाको वित्तीय उद्देश्य, रणनीति एवं कार्यक्रमहरु तयार पारी ३ वर्षिय कार्ययोजना समेत निर्धारण गरिएको छ । यस सन्दर्भमा पहिलो पटक तयार पारिएको यो राजस्व सुधार कार्ययोजना (२०७७/७८ - २०७९/८०) रामप्रसादराई गाउँपालिकाको लागि एक महत्वपूर्ण दस्तावेज एवं मार्गदर्शक हुनेछ । यो कार्ययोजना समावेशी एवं सहभागितामूलक प्रक्रियाबाट तर्जुमा गरिएको रामप्रसादराई गाउँपालिकाको आगामी वार्षिक नीति कार्यक्रम, मध्यमकालीन, एवं आवधिक योजना तर्जुमाका लागि आधार दस्तावेजको रुपमा काम गर्ने बिश्वास लिइएको छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको आवश्यकता

- **वढ्दो जनआकांक्षाको सम्वोधन र परिपूर्ति गर्ने** : स्थानीय तहका सरकार तथा जनप्रतिनिधिहरुलाई एकातिर चुनावमा गरिएका प्रतिवद्धताहरु पूरा गर्नुपर्ने वाध्यात्मक अवस्था छ भने अर्कोतर्फ नागरिकमा वढ्दो आवश्यकता,

इच्छा र आकांक्षाहरुलाई क्रमशः सम्वोधन गर्नुपर्ने वाध्यता रहेको छ । न्यूनतम भौतिक एवं सामाजिक पूर्वाधारहरुको उपलब्धताका कारण जनजीवन असहज एवं कष्टपूर्ण रहेको सन्दर्भमा जनचाहना अभिवृद्धि हुनु स्वभाविकै मान्न सकिन्छ । साथै आर्थिक सामाजिक समृद्धि, गरिवी न्यूनीकरण, पछ्यौटेपन एवं स्थानीय साधन श्रोतहरुको व्यवसायीकरणका लागि पनि जनप्रतिनिधिहरुमा ठूलो दवाव श्रृजना भएको अवस्था छ । जनताको सवैभन्दा नजिकको सरकार स्थानीय तह नै भएकाले पनि जनताको विश्वास, भरोसा यसप्रति अधिक छ । तापनि विद्यमान अवस्थामा सीमित श्रोत साधनवाट उपरोक्त जनचाहनाहरु सहजै पूरा गर्न सक्ने सामर्थता स्थानीय तहसंग सीमित छ र जनताका अधिक अपेक्षाहरु पूरा गर्न दीगो र भरपर्दो राजस्व श्रोतको अपरिहार्यता छ ।

- **संवैधानिक एवं कानूनी अधिकारको उपयोग गर्ने** : नेपालको राज्य संरचना मुलत तीन तहको हुने व्यवस्था गरिएको छ र सोही अनुसार राज्यशक्तिको पनि वाँडफाँड गरिएको छ । राज्यशक्ति उपयोगका लागि तीनै तहका सरकारहरु आफैमा आर्थिक प्राविधिक सवै पक्षहरुमा मजवुत, सक्षम र सवल हुनुपर्ने व्यवस्था नेपालको संविधानले गरेको छ । परम्परागत ढंगवाट परिचालित हुँदै आएका स्थानीय तहमा व्यापक परिवर्तनको खाँचो रहेको छ र क्रमिक रुपमा चुस्त प्रभावकारी र सवल स्थानीय सरकारको रुपमा विकास हुनुपर्ने भएको छ । संघ र प्रदेशवाट निकासा हुने अनुदानको आधारमा वार्षिक वजेट तर्जुमा र नीति कार्यक्रम संचालन गर्दै आएका स्थानीय तहहरुले अवउप्रान्त सोको विपरित खर्चमा आधारित वजेट, श्रोतहरुको पहिचान, परिचालन गर्नुपर्ने भएको छ । यसै सन्दर्भमा संघ र प्रदेशवाट दिइने अनुदानहरु पनि क्रमशः न्यून भइसकेको छ । नेपालको संविधान २०७२, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, स्थानीय सरकार संचालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत वित्त आयोग ऐन २०७४ हरुवाट स्थानीय तहको वित्तीय अधिकार क्षेत्रहरु निर्धारण र त्यसको उपयोगको व्यवस्था भएको छ । सोहीमा आधारित भई स्थानीय तहले राजस्व परिचालन गर्नुपर्ने हुन्छ ।

- **स्थानीय साधन श्रोतवाट राजस्व अभिवृद्धि गर्ने** : विकास निर्माणमा तिव्रता र स्थानीय सरकारको प्रभावकारीताका लागि राजस्व अभिवृद्धि गर्नुपर्ने अपरिहार्यता छ । यसै संग जनआकांक्षा र विकास निर्माण समेत जोडिएकोले राजस्व अभिवृद्धि एक अनिवार्य शर्त जस्तै भएको छ । स्थानीय तह आफै सरकार भएकाले सरकार परिचालनका लागि पनि राजस्व अभिवृद्धि गर्नुपर्ने आवश्यकता अरु जरुरी छ । नेपालको संविधान र कानूनहरुले स्थानीय तहको वित्तीय अधिकार क्षेत्र निर्दिष्ट गरिदिएकाले सोही परिधि भित्र रही दीगो रुपमा राजस्व संकलन र परिचालनका क्षेत्रहरु पहिचान गर्नुपर्ने अभिभार पनि स्थानीय तहकै रहेको छ । यस सन्दर्भमा राजस्व संकलनका लागि व्यवसाय कर, सेवा शुल्क, पर्यटन शुल्क, दण्ड जरिवना आदिको व्यवस्था कानूनमा भएको छ । यसका अलवा राजस्व अभिवृद्धि तथा पूँजी निर्माण हुन सक्ने क्षेत्रहरु पहिचान गर्दै लगानी गरी श्रोतहरुको सदुपयोग गरी राजस्व अभिवृद्धि गर्नुपर्ने हुन्छ ।

- **राजस्व अभिवृद्धिका रणनीति कार्यक्रम तर्जुमा तथा आय प्रक्षेपण हुने** : स्थानीय तहको राजस्व संकलन, प्रशासनिक संयन्त्र, राजस्वका श्रोतहरुको विद्यमान अवस्था विश्लेषण गरी राजस्व अभिवृद्धिका लागि मध्यमकालीन रणनीति, वार्षिक कार्यक्रम एवं सोका आधारमा आगामी वर्षहरुमा हुने आयको प्रक्षेपण समेत गरिने भएकाले एक निश्चित अवधि भित्र आर्जन हुन सक्ने राजस्वको विस्तृत खाका तयार हुनेछ । यसका लागि स्थानीय तहका जनप्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधि, पालिकाका पदाधिकारीहरु एवं सरोकारवालाहरुको प्रत्यक्ष र सक्रिय सहभागितामा तयार हुने भएकोले स्थानीयहरुकै आफ्नै अपनत्व श्रृजना गरी र कार्यपालिकाको नेतृत्वमा तयारी कार्ययोजनालाई कार्यान्वयन ल्याउनेछ ।

राजस्व क्षमता सुधार तथा राजश्व अभिवृद्धिका लागि संघीय अवधारणा, वित्तीय विकेन्द्रीकरण एवं राजश्व प्रणालीको सैद्धान्तिक अवधारणलाई दृष्टिगत गर्दा देहायका पक्षहरुलाई मनन गरी स्थानीय तहको राजश्व सुधार कार्ययोजना तयार गरिएको छ ।

- **राजस्वको आधार** (Tax Base) : प्रचलित कानून अर्न्तगत स्थानीय तहलाई प्राप्त कर तथा गैर कर राजश्वका आधारको सन्दर्भमा सम्पत्ति, आम्दानी र वस्तु वा सेवा क्षेत्रमध्ये वर्तमान अवस्थामा स्थानीय तहले परिचालन गरिरहेको कर तथा गैरकर राजश्वका श्रोतहरुको समीक्षा गरी प्रचलनमा रहेको र वाहिर रहेको राजश्व आधारहरुको समयसापेक्ष विश्लेषण सहित राजश्व क्षेत्र बिस्तारका लागि थप राजस्व श्रोतहरु पहिचान हुनेछ ।

- **करदर** (Tax Rates) : यस अन्तर्गत स्थानीय तहको कर तथा गैरकर राजश्व दरहरुको समीक्षा र करका दरहरुमा आवश्यक परिमार्जन गर्दै कर प्रणालीलाई वैज्ञानिक, व्यवहारिक वनाइने छ । यसका लागि आय वा सम्पत्तिको आधारमा प्रगतिशिल, अनुदार तथा सम करदर उपयुक्तताका आधारमा निर्धारण हुनेछ ।

- **करको दायरा** (Ratio of Coverage) : पालिकाको विद्यमान करले समेटेका क्षेत्र तथा करको दायरामा रहेका करदाता तथा वाहिर रहेका करदाताहरुको वस्तुनिष्ठ विश्लेषण गर्दै नसमेटिएका वा छुटेका क्षेत्र वा करदाताहरुलाई समेत करको दायरामा ल्याउन विविध विधिहरु पहिचान हुनेछ ।

- **करयोग्य सम्पत्तिको मूल्यांकन** (Valuation Ratio) : स्थानीय तहको कर राजश्वको प्रमुख आधार अचल सम्पत्ति बिशेषत जमिन र भौतिक संरचना रहेको तर हाल सम्म पनि सम्पत्तिको वैज्ञानिक रुपमा वर्गिकरण र मूल्यांकन गरी सोही आधारमा राजश्व संकलन गर्ने कार्यको थालनी भइनसकेको सन्दर्भमा स्थानीय तहको क्षेत्राधिकार भित्र रहेको जमिन तथा भौतिक संरचनाहरुको प्रचलित कानून बमोजिम वैज्ञानिक र समयसापेक्ष रुपमा वर्गिकरण र मूल्यांकनको आधार अनि मापदण्ड निर्माण गरी सोही आधारमा राजश्व संकलन गर्ने बिधिहरु पहिचान हुनेछ ।

- **राजश्व प्रशासन तथा संकलन** (Ratio of Collection) : स्थानीय तहको विद्यमान राजश्व प्रशासन तथा संकलन प्रणाली करदातामैत्री तथा प्रविधिमैत्री हुन नसकेको सन्दर्भमा राजश्व प्रशासन सम्बन्धी संस्थागत संरचना, मानव संसाधन, संकलन प्रणाली, सूचना प्रविधि तथा अन्य बिकल्पहरुको प्रयोग जस्ता पक्षहरुको समीक्षा गर्दै राजश्व संकलन प्रणालीलाई करदातामैत्री र प्रविधिमैत्री बनाउन उपयुक्त बिकल्पहरुको विश्लेषण हुनेछ ।

उपरोक्त शैद्धान्तिक पृष्ठभुमीमा स्थानीय तहले राजश्व नीति, कार्यक्रम र परियोजनाहरु कार्यान्वयन गर्न सकेकोको खण्डमा राजस्व क्षमता सुधार तथा संकलनमा अभिबृद्धिमा महत्वपूर्ण योगदान पुग्न सक्ने देखिन्छ । परिणामतः स्थानीय तहको आन्तरिक राजश्व परिचालनमा व्यापक सुधार भई वाह्य आयमाथीको निर्भरतामा कमी आई आफ्नै श्रोत परिचालनबाट वढ्दो जनआकांक्षाहरु परिपूर्ति गर्न र संघीयताको कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

## १.३ उद्देश्य

गाउँपालिकाको आन्तरिक विद्यमान आयको समीक्षा गर्दै राजस्व अभिवृद्धिका लागि दीगो र भरपर्दो श्रोतहरुको पहिचान, विश्लेषण र राजस्व प्रशासनलाई प्रभावकारी वनाउन वित्तीय नीति तथा कार्यक्रम तर्जुमा गर्नु यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यसका साथ साथै राजस्व सुधार कार्ययोजना तर्जुमा उद्देश्यहरु निम्न अनुसार रहेको छ ।

क) राजस्व सुधारका सम्वन्धमा संविधान एवं विभिन्न ऐन, नियमहरुमा व्यवस्था गरिएका वित्तीय अधिकार, कार्यक्षेत्र एवं राजस्व सुधारको आवश्यकता र महत्वका वारेमा गाउँपालिकाका पदाधिकारी, कर्मचारी, राजनीतिक दलका प्रतिनिधि, सरोकारवालाहरुलाई अभिमुखीकरण गर्ने ।

ख) गाउँपालिकाको विद्यमान राजस्व नीति, कार्यक्रम, आर्थिक ऐन, करको दररेट, राजस्व संकलन, संगठनात्मक संरचना, आय श्रोतहरुको सम्भावना र यथार्थ संकलनको फरक पहिचान, समीक्षा, विश्लेषण गर्ने ।

ग) आन्तरिक श्रोतहरुको अवस्था विश्लेषण गरी राजस्व सुधार कार्ययोजना सहित आगामी तीन वर्षका लागि आय प्रक्षेपण गर्ने ।

घ) आन्तरिक श्रोत अभिवृद्धिका लागि गाउँपालिकाको वित्तीय रणनीति एवं कार्यक्रमहरु तर्जुमा गर्ने ।

## १.४ विधि र प्रक्रिया

- **पहिलो चरण : राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सम्वन्धी निर्णय र पूर्वतयारीः** राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सन्दर्भमा गाउँकार्यपालिकामा विभिन्न चरणहरुमा छलफल, सम्वाद भई निर्णय गरिएको थियो । कार्यक्रम संचालन गर्न परामर्शदाता लगायत आवश्यक सवै प्रकारका तयारी गरिएको र राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि विधि प्रक्रिया समेत निर्धारण गरिएको थियो ।

- **दोश्रो चरण : कार्ययोजना अभिमुखीकरण कार्यशाला गोष्ठी**
  वित्तीय अधिकार क्षेत्र, वित्तीय विकेन्द्रीकरण, राजस्व सुधारको आवश्यकता, महत्वका वारेमा अभिमुखीकरण कार्यशाला गोष्ठी संचालन भएको थियो । गोष्ठीमा गाउँपालिका अध्यक्ष लगायत पदाधिकारीहरु, समितिका सदस्यहरु, कर्मचारीहरु, राजनीतिक दल एवं निजी क्षेत्रका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

- **तेश्रो चरण : तथ्याङ्क/सूचना संकलन**
  स्थानीय तहको वित्तीय अधिकार क्षेत्र सन्दर्भ सामाग्रीहरु संकलन गरी अध्ययन, विश्लेषण गरिएको थियो । यस सन्दर्भमा नेपालको संविधान, ऐनहरु, संघीय, प्रादेशिक एवं गाउँपालिकाको वित्तीय नीति कार्यक्रम, आर्थिक ऐन लगायत का सन्दर्भ सामाग्रीहरुको अध्ययन गरिएको थियो । साथै सूचना संकलनका लागि प्रश्नावली तयार, स्थलगत भ्रमण, सूचनादाताहरुसंग छलफल गरी सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो ।

- **चौथो चरण : कार्ययोजना तर्जुमा कार्यशाला गोष्ठी**
  गाउँपालिकाका अध्यक्ष लगायत कार्यपालिकाका पदाधिकारी, सदस्य, कर्मचारी, राजनीतिक दल, स्थानीय संघ संस्था एवं निजी क्षेत्रका प्रतिनिधिहरुको सहभागितामा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला गोष्ठी संचालन गरिएको थियो ।

**तालिका नम्वर -०१**
राजस्व सुधार कार्ययोजना तर्जुमा विधि प्रक्रिया

| चरण | गतिविधि |
|---|---|
| पहिलो ↓ | राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सम्बन्धी निर्णय र पूर्व तयारी |
| दोश्रो ↓ | कार्ययोजना अभिमुखीकरण कार्यशाला गोष्ठी |
| तेश्रो ↓ | तथ्याङ्क/सूचना संकलन |
| चौथो ↓ | राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला गोष्ठी |
| पाँचौ ↓ | मस्यौदा प्रतिवेदन अनुमोदनका लागि अन्तरक्रिया |
| छैटौ | अन्तिम प्रतिवेदन स्वीकृती र प्रकाशन |

- **पाँचौ चरण : मस्यौदा प्रतिवेदन अनुमोदन अन्तरक्रिया**
  सहभागितामूलक कार्यशाला गोष्ठीको निष्कर्ष, विषय विज्ञहरुसंगको परामर्श तथा छलफलको क्रममा प्राप्त सुझावको आधारमा तयार भएको मस्यौदा दस्तावेज गाउँ कार्यपालिका तथा सरोकारबालाहरुको सहभागिता भएको अनुमोदनका लागि अन्तरक्रिया कार्यशालामा प्रस्तुत गरी थप राय सुझाब तथा पृष्ठपोषण संकलन गरिएको थियो ।

- **छैठौ चरण : अन्तिम प्रतिवेदन स्वीकृती र प्रकाशन**
  कार्ययोजना प्रमाणीकरण कार्यशालाबाट प्राप्त सुझाब तथा पृष्ठपोषणलाई समावेश गरी तयार गरिएको गाउँपालिकाको ३ वर्षे कार्ययोजना तर्जुमा दस्तावेजलाई गाउँसभाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ ।

### १.५ सीमा


राजस्व सुधार कार्ययोजनाको क्षेत्र व्यापक रहेको भएता पनि सिमित स्रोत साधन, विगतका वर्षहरूको प्रयाप्त सूचनाको अभाव, सिमित समयका कारण यस अध्ययनका सीमाहरू देहाय अनुसारका रहेका छन् :

- यो प्रतिवेदन प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूको आधारमा तयार गरिएको छ । यसको अलावा अध्ययन तथा विश्लेषण कार्य गाउँपालिकाका सम्बन्धित शाखाका कर्मचारीहरू तथा अन्य सरोकारपक्षहरूसँग भएको छलफलबाट प्राप्त सूचनाहरू समावेश गरिएको छ ।
- नगरपालिकाको आन्तरिक आय तथा स्रोतको पहिचान गर्ने उद्देश्यका लागि तयार पारिएको तथ्याङ्क संकलन फारम अनुसार प्राप्त तथ्याङ्कहरू विभिन्न कार्यालयहरूको अभिलेख तथा स्थलगत अध्ययनबाट संकलन गरिएको छ ।
- नगरपालिकामा भएको अभिलेख र सरोकारवालाहरूको छलफलबाट प्राप्त सूचनाको आधारमा आयका स्रोत सम्बन्धी तथ्याङ्कहरू संकलन गरिएको छ ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४ ले दिएको राजस्व अधिकारको आधारमा राजस्व सम्बन्धी अध्ययन तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद - दुई : गाउँपालिकाको वस्तुस्थिति

## २.१ भौगोलिक अवस्थिति

विश्व मानचित्रमा २७°०६'५४” उत्तरी अक्षांश र ८७°७४” पूर्वी देशान्तरमा फैलिएको छ । समुन्द्री सतह देखि करीव १६४५ मिटरको उचाईमा गाउँ वैकुण्ठे अर्थात गाउँ कार्यपालिकाको कार्यालय रहेको छ । नेपालको मध्य पहाडी भू-धरातल वनौट भएको यस क्षेत्रमा डाँडापाखा, बेशी, खोचहरु प्रसस्तै छन् । साथै यो क्षेत्र मध्य महाभारतीय पर्वतमा पर्ने हुँदा यहाँको सम्पूर्ण धरातलमा पर्वतीय विशेषताहरु झल्किन्छन् ।




क्षेत्रफलका आधारमा यो गाउँपालिका करीव १५६.२५ बर्ग किमि क्षेत्रमा फैलिएको छ । यस अन्तर्गत कृषि भूमि करीव ५४.७ प्रतिशत छ भने वनजंगल क्षेत्रले करीव २०.७ प्रतिशत भूभागले ओगटेको छ । त्यसैगरी व्यवसायिक क्षेत्रले करीव ५.० प्रतिशत, सार्वजनिक क्षेत्रले करीव ९.६ प्रतिशत, नदी खोलाले करीव १.५ र खानि खनिज १.८ र साँस्कृतिक तथा पुरातात्विक भूमिले करीव ०.१ प्रतिशत भूभाग ओगटेको छ ।

## २.२ राजनीतिक तथा प्रशासनिक विभाजन

नेपाल सरकारको मिति २०७३ फागुन २२ गतेको निर्णयानुसार २०७३ साल फागुन २७ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गर्दै साविकका ओखे, धोद्लेखानी, भुल्के, दलगाउँ, मानेभन्ज्याङ, वैकुण्ठे र वासिखोरा गरी ७ वटा गाविसहरुलाई समाहित गरी रामप्रसादराई गाउँपालिका गठन गरिएको हो । ८ वडाहरुमा विभाजन गरिएको यो गाउँपालिका विधिवत रुपमा गाउँ कार्यपालिकाको कार्यालय स्थापना भई कार्य संचालनमा छ ।

जिल्ला सदरमुकामवाट करीव २९.६० किलोमिटर टाढा रहेको रामप्रसादराई गाउँपालिकाको पूर्वतर्फ पौवादुङमा र पश्चिममा खोटिहाङ, ट्याम्केमैयुम गाउँपालिका पर्दछ । उत्तरतर्फ भोजपुर नगरपालिका, ट्याम्केमैयुम गाउँपालिका र आमचोक र हतुवागढी गाउँपालिका संग जोडिएको छ ।

**तालिका नम्वर ० २ : जनसंख्या विवरण**

| वडा नं | महिला | पुरुष | जम्मा जनसंख्या | घरधुरी संख्या | क्षेत्रफल वर्ग किमि | जनघनत्व प्रति वर्ग किमि |
|---|---|---|---|---|---|---|
| १ | १४६४ | १४९६ | २९६० | ५४७ | १९.८ | १४९ |
| २ | ८८४ | ९५३ | १८३७ | ३५४ | १५.६ | ११७ |
| ३ | १२२६ | १२९० | २५१६ | ४४२ | १३.३ | १८९ |
| ४ | ११६३ | १२५५ | २४१८ | ५११ | २०.१ | १२० |
| ५ | १११७ | १२५४ | २३७१ | ४५८ | ३०.२ | ७८ |
| ६ | १३६५ | १४२० | २७८५ | ५०९ | २८.० | ९९ |
| ७ | १३०४ | १३९४ | २६९८ | ४६३ | १८.५४ | १४५ |
| ८ | ९२३ | ९९८ | १९२१ | ३४५ | १२.६४ | १५१ |
| वि सं २०७५ | **९४४६** | **१००६०** | **१९५०६** | **३६२९** | **१५६.२** | **१२४** |
| वि. सं २०६८ | **१०१११** | **८७७७** | **१८८८८** | **४०१६** | **१५६.२** | **१२०** |

श्रोत : गाउँपालिका पार्श्वचित्र, २०७५

## २.३ जनसंख्या विवरण

रामप्रसादराई गाउँपालिका पार्श्वचित्र, २०७६ अनुसार गाउँपालिकाको कूल १९,५०६ जनसंख्या छ । जसमा महिलाको जनसंख्या ९४४६ (४८.४%) र पुरुष जनसंख्या १०,०६० (५०.८४%) छ । वि सं. २०६८ मा यस गाउँपालिकाको जनसंख्या १८,८८८ थियो जसमा महिला

१०,१११ जना (५३.५%) र पुरुष ८,७७७ जना (४६.५%) थियो । यस अवधिमा जनसंख्या समग्रमा करीव ३.३ प्रतिशतले वृद्धि भएको छ । पुरुषतर्फ १४.६ प्रतिशतले वृद्धि भएको र महिलातर्फ ६.६ प्रतिशतले न्यून भएको देखिन्छ । वडागत हिसावबाट हेर्दा वडा नम्वर १ र ६ मा तुलनात्मक रुपमा वढी जनसंख्या क्रमशः २,९६० र २,७८५ र वडा नम्वर २ र ८ वडाहरुमा न्यून जनसंख्या क्रमशः १,८३७ र १,९२१ छ । क्षेत्रफलका आधारमा वडा नम्वर ५ सवैभन्दा ठूलो र सानोमा वडा नम्वर ८ छ । वि.सं २०७५ मा जनघनत्व प्रतिवर्ग किलोमिटर करीव १२४ र वि.सं. २०६८ मा १२० थियो । यस अवधिमा प्रतिवर्ग किलोमिटरमा वसोवास गर्ने जनसंख्यामा वृद्धि भएको पाइन्छ ।

यस अवधिमा घरधुरी संख्यामा पनि परिवर्तन आएको आएको छ । वि.सं. २०६८ मा कूल घरधुरी ४०१६ रहेकोमा वि.सं. २०७५ मा यो संख्या ३६२९ रहेको छ जुन करीव ९.६ प्रतिशतका घटेको देखिन्छ तर औषत घरपरिवार संख्या भने वि.सं. २०६८ मा ४.७ रहेकोमा २०७५ यो संख्या ५.४ पुगेको छ, जसको औषत वृद्धिदर करीव १४.३ प्रतिशत हुन्छ । यस सम्वन्धी विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## २.४ आर्थिक तथा सामाजिक अवस्था

- **खाद्यान्नको उपलव्धता र जग्गाको स्वामित्व विवरण** : गाउँपालिकाको पार्श्वचित्र २०७५ अनुसार गाउँपालिकामा अझैपनि करीव २.२ प्रतिशत अर्थात ८२ घरधुरीहरु सुकुम्वासी छन् । तिनीहरुको आफ्नै नाममा जग्गा जमिन छैन र दैनिक ज्यालादारी नै एकमात्र विकल्प रहदै आएको छ । ३ महिना भन्दा कम समय सम्म खानपुग्ने परिवार करीव १३.९ प्रतिशत र ३८.५ प्रतिशत घरपरिवारलाई ६ महिना सम्म आफ्नै उत्पादनवाट खान पुग्छ । वर्षभरी खानपुग्ने परिवार करीव १९.७ प्रतिशत र ९ महिना सम्म खान पुग्ने परिवार करीव २९ प्रतिशत छ भने खाद्यन्न विक्री गर्ने परिवार करीव १.७ प्रतिशत छ । ३ रोपनी भन्दा कम जगा भएका परिवारहरु करीव १९.३ प्रतिशत छ भने ६ रोपनी सम्म जग्गा हुनेहरु करीव २८.३ प्रतिशत र १३ रोपनी सम्म जग्गा हुनेहरुको करीव २४.८ प्रतिशत छ । त्यसैगरी ३७ रोपनी जग्गा हुनेहरु करीव १८.८ प्रतिशत र ६५ रोपनी जग्गा हुनेहरु करीव ३.७ प्रतिशत र सो भन्दा वढी जग्गा हुनेहरु करीव २.४ प्रतिशत रहेको देखिन्छ । यस सम्वन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नम्वर -३ : खाद्यान्नको उपलव्धता र जग्गाको स्वामित्व विवरण**

| विवरण | वडाहरु | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा | % |
| घरधुरी संख्या | ५४७ | ३५४ | ४४२ | ५११ | ४५८ | ५०९ | ४६३ | ३४५ | ३६२९ | |
| ३ महिना भन्दा कम खानपुग्ने | ५२ | ३६ | ९० | ५१ | ३९ | ९६ | १३२ | १० | ५०६ | १३.९ |
| ३-६ महिना सम्म खान पुग्ने | १९४ | ८२ | १७८ | १४६ | १८१ | २६६ | २२४ | १२७ | १३९८ | ३८.५ |
| ६-९ महिना सम्म खान पुग्ने | १७१ | ८१ | ८१ | २२८ | १७५ | १०८ | ७३ | १३८ | १०५५ | २९.० |
| ९-१२ महिना सम्म खान पुग्ने | १२८ | ११९ | ८६ | ७७ | ६१ | ३९ | ३३ | ६५ | ६०८ | १९.७ |
| उत्पादन वेच्ने | २ | ३६ | ७ | ९ | २ | ० | १ | ५ | ६२ | १.७ |
| भूमिहीन परिवार संख्या | ८ | ५ | १५ | १४ | २५ | ५ | ४ | ६ | ८२ | २.२ |
| ३ रोपनी सम्म जग्गा भएको | ६१ | ४९ | ५८ | ७५ | ८६ | ८१ | १६९ | १२२ | ७०१ | १९.३ |
| ६ रोपनी सम्म जग्गा भएको | १२६ | ८९ | ७० | १६९ | १३६ | १६१ | १७२ | १०५ | १०२८ | २८.३ |
| १३ रोपनी सम्म जग्गा भएको | १४० | ९६ | १२५ | १२९ | १२६ | १४७ | ७३ | ६५ | ९०१ | २४.८ |
| ३७ रोपनी सम्म जग्गा भएको | १७६ | ६१ | ८५ | ११३ | ७८ | ९१ | ४१ | ३७ | ६८२ | १८.८ |
| ६५ रोपनी सम्म जग्गा भएको | २२ | ११ | ७७ | ८ | ५ | ५ | ० | ६ | १३४ | ३.७ |
| ६५ भन्दा वढी जग्गा भएको | १४ | ४३ | १२ | ३ | २ | १९ | ४ | ४ | १०१ | २.४ |

श्रोत : गाउँपालिका पाश्वचित्र २०७६

- **खाद्यान्न उत्पादन** : गाउँपालिकामा अन्नवाली उत्पादन अन्तर्गत धान, मकै, कोदो, गहुँको वार्षिक उत्पादन ८४२,८८२ क्विण्टल हुने गरेको छ । दलहन उत्पादन (दाल, चना, रहर, सिमि, मटमास) को वार्षिक उत्पादन ७५९५४ केजी, तेलहन (तोरी, सस्यु, आलस, तिल, सूर्यमुखी) को उत्पादन ३२८१०९ केजी, तरकारी (आलु, वन्दा, काउली, रायो, वोडी, गोलभेडा...फर्सी) को उत्पादन वार्षिक ५८५७४८ केजी, नगदेवालीमा अदुवा, वेसार, प्याज,

लसुन, च्याउको उत्पादन वार्षिक २८३४९ केजी, फलफुलहरुमा आँप, लिचि, मेवा, कागती, स्याउ, केरा, सुन्तलाको वार्षिक उत्पादन ७०३७३ केजी र अलैची तथा चिराइतोको वार्षिक उत्पादन २३०८ केजी हुने गरेको छ । यसरी उत्पादित उत्पादनहरुको व्यवसायिक रुपमा विक्री वितरण हुने गरेको पाइदैन ।

- **निकासी उत्पादन :** गाउँपालिकामा प्राकृतिक स्रोतहरु खानी, वन पैदावर एवं ढुङ्गा, गिट्टी, वालुवा आदिको निकासी सम्भवना भएपनि त्यसको उपयोग हुन सकेको छैन । कृषिमा आधारित फलफुल तथा तरकारी उत्पादनहरु ध्यू, मकै, आलु, सुन्तला, खसीवाखा, वंगुर किवी, अलैची आदिको निकासी सम्भावना भएपनि त्यसले व्यवसायिक रुप धारणा गर्न सकिरहेका छैन ।

- **उद्योग, व्यापार तथा व्यवसाय :** गाउँपालिका पार्श्वचित्र, २०७६ अनुसार गाउँपालिका भित्र १२ वटा विभिन व्यवसायहरु संचालनमा छन् । त्यसैगरी गाउँपालिका भित्र पानी घट्टा, चिस्यान केन्द्र, मिलहरु, कृषि तथा जडीवुटी प्रशोधन केन्द्र, कोशेलीघर संचालनमा छन् । यस सम्वन्धी वितृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नम्वर -४ : व्यापार व्यवसाय विवरण**

| विवरण | वडाहरु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | जम्मा |
| पानी घट्टा | - | १ | - | - | - | - | - | - | १ |
| चिस्यान केन्द्र | १ | - | - | - | - | - | - | - | १ |
| पानी मिल | | १ | | | | १ | | | २ |
| डिजेल मिल | ५ | ५ | ३ | | ६ | ७ | | | २६ |
| विद्युत मिल | | | २ | | | | ५ | | ७ |
| कृषि संकलन तथा प्रशोधन | | | | | १ | १ | | | २ |
| जडिवुटी संकलन तथा प्रशोधन | १ | १ | | | | | | | २ |
| उद्योग | १ | १ | | | | | | | २ |
| कोशेलीघर | | | | | | १ | | | १ |
| व्यवसायिक कृषि तथा पशु फार्म | १ | ३ | | १ | | ५ | | | १० |

श्रोत : गाउँपालिका पाश्वचित्र २०७६

- **वैंक तथा वित्तीय संख्या** : वडा नम्वर ६ वैकुण्ठेमा एनआइसि वैंक संचालनमा छ । वडा नम्वर ३ भुल्केमा ई- सेवा र सहकारी संस्थाहरु संचालनमा छन् । गाउँपालिकाको वडा नम्वर १, ३, ४, ५, ७ र ८ मा सहकारी संस्था संचालनमा छन् ।

- **व्यवसायिक फार्म** : गाउँपालिका भित्र १० वटा फर्महरु व्यवसायिक रुपमा संचालनमा छन् । त्यस्ता फर्महरु वडा नम्वर १ मा १ वटा वाखा फर्म, वडा नम्वर २ मा ३ वटा कृषि फर्म र १ वटा वंगुर फर्म, वडा नम्वर ४ मा १ वटा वाखा फर्म र वडा नंम्वर ६ मा ३ वटा कृषि फर्म र २ वटा वाखा फर्म संचालनमा छन् ।

- **प्राकृतिक सम्पदा** : गाउँपालिकामा प्राकृतिक स्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा संभावना भए नभएको र के कति परिमाणमा छन् सोको पनि विस्तृत विवरण यकिनका साथ तथ्याङ्क उपलव्ध हुन सकेको छैन ।

- **पेशागत आवद्धता** : पेशागत रुपमा जनसंख्याको आवद्धता विभिन्न क्षेत्रमा देखिन्छ । गाउँपालिकाको पार्श्वचित्र, २०७६ अनुसार कृषि तथा पशुपालन, व्यापार व्यवसाय, नोकरी, ज्यालादारी, र वैदेशिक रोजगारीमा आवद्धता कूल जनसंख्याको करीव ४५.९ प्रतिशत रहेको छ । पशुपालन तथा खेतीकिसानीमा करीव ३६.३ प्रतिशत, व्यापार उद्योग व्यवसायमा १.०६ प्रतिशत, जागिरमा १.३ प्रतिशत, दैनिक ज्यालादारीमा २.५ प्रतिशत र वैदेशिक रोजगारीमा ४.५ प्रतिशत रहेको छ । तथ्याङ्क अनुसार अधिकांश जनसंख्या कृषि पेशामा आवद्ध रहेको देखिन्छ ।

- **पारिवारिक आम्दानी** : गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार विभिन्न पेशागत क्षेत्रहरुवाट करीव ६२ करोड ४१ लाख २ हजार ३८० आम्दानी भएको देखिन्छ । यसरी प्राप्त आम्दानीमा कृषि तथा पशुपालनवाट करीव ५२.३८ प्रतिशत, व्यापार व्यवसायवाट ३. १८ प्रतिशत, नोकरीवाट ९.५५ प्रतिशत, वैदेशिक रोजगारीवाट २६.११ प्रतिशत,

दैनिक ज्यालादारीवाट ६.३६ प्रतिशत र अन्यवाट २.४२ प्रतिशत प्राप्त भएको अभिलेख छ । तथ्याङ्क अनुसार अधिकांश आय कृषि तथा पशुपालनवाट प्राप्त भएको पाइन्छ ।

- **घरका प्रकार** : गाउँपालिकाको अधिकांश घरहरु फुसर, टायल, काठको छाना भएको र जस्तापाताले छाएका छन् । गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार फुसर छाएका घरहरु करीव ५५.६ प्रतिशत छन् भने टायल तथा झिगटीले छाएका घरहरु करीव १.६ प्रतिशत । जस्तापातले छाएको घरहरु करीव ४२.७ प्रतिशत र काठको छाना भएका घरहरु करीव ०.१ प्रतिशत मात्रै रहेको पाइन्छ । ढलान गरी वनाइएका घरहरु गाउँपालिकामा पाइदैन ।

- **खानेपानी** : गाउँपालिका खानेपानी सेवा सुविधा त्यति सहज छैन । कूल घरधुरीको करीव ४७.७ प्रतिशत अथाएत १७०८ घरहरुमा मात्र घरमै खानेपानी सेवा उपलब्ध हुन सकेको छ भने बाँकी घरहरु नजिकको पानीका श्रोतहरुवाट पानी सेवन गर्नुपर्ने वाध्यता रहेको छ । करीव १५ मिनेट सम्म दुरीवाट पानी ल्याउने घरहरु करीव २५.४६ प्रतिशत अर्थात ९२४ घरहरु छन् । ४४३ घरहरुले करीव ३० मिनेट सम्मको दुरीवाट खानेपानी ल्याउनु पर्ने र ५५४ घरहरुले सोभन्दा पनि वढीको दुरीवाट खानेपानी ल्याउनुपर्ने वाध्यता देखिन्छ । पानीको श्रोतहरुमा अधिकांश घरहरुले पाइपधारावाट प्राप्त पानी करीव ६९.७५ प्रतिशतले उपभोग गरेको, मूलको पानी उपभोग गर्नेहरु करीव २३.६७ प्रतिशत रहेको छ ।

- **इन्धनको प्रयोग** : अधिकांश घरमा १९२४ (करीव ५३.०२ प्रतिशत) सोलारको वत्ति प्रयोग भएको भएको पाइन्छ । करीव ३४.६७ प्रतिशत घरहरुमा विद्युत र ०.७२ प्रतिशले मट्टितेल प्रयोग गरेको पाइन्छ । भने खाना पकाउन अधिकांश घरहरुमा (करीव ९८. १८ प्रतिशत) दाउरा मात्रै इन्धनको रुपमा उपभोग हुँदै आएको छ । खाना पकाउन एलपि ग्यास र मट्टितेल प्रयोग गर्नेह रु क्रमश: ०.४४ र ०.१७ प्रतिशत मात्रै छन् ।

## २.५ भौतिक पूर्वाधारमा पहुँच :

- **संचार सेवामा पहुँच** : गाउँपालिका क्रमिक रुपमा आधुनिक संचार उपकरणसंग जोडिदै छ । अधिकांश घरहरु ७२७ मा रेडियो छ । टिभी हुन घरहरुको संख्या ५५३ छ । टेलिफो तथा मोवाइल भएका घरहरुको संख्या ७३८४ छन् भने कम्प्युटर भएको घरहरु ५६ वटा र ५ घरमा इण्टरनेट सेवा उपलब्ध छ ।

- **विद्युत सेवा** : गाउँपालिकाको अधिकांश घरहरुमा विजुली सेवा उपलब्ध छैन । विद्युत सेवा नपुगेका घरहरु करीव करीव ६१.८९ प्रतिशत अर्थात २२४६ छन् । राष्ट्रिय प्रशारणवाट विद्युत सेवा उपभोग गर्ने घरहरु ११०२ ( ३०.३७%) छन् भने लघुजल विद्युत गृहवाट सेवा प्राप्त गर्ने घरहरु ११९ (३.२८%) र सौर्य ऊर्जा प्रयोग गर्ने घरहरु १५८ अर्थात ४.३५ प्रतिशत छन् ।

- **सवारी साधनको उपभोग** : गाडी भएको घर संख्या ३, मोटरसाइकल भएको ५७ छन् । गन्तव्य स्थानमा जानका लागि गाउँपालिका भित्र सार्वजानिक यातायात सेवा संचालनमा छन् । वान्तङ- ओखे- भुल्के - भोजपुर रुट, भुल्के - भोजपुर रुट, ओखे- दलगाउँ- भोजपुर रुटमा सार्वजनिक वस सेवाहरु संचालनमा छन् भने वैकुण्ठे- भोजपुर र वैकुण्ठे - मानेभन्ज्याङ- भोजपुर रुटमा ट्याकसी सेवा उपलब्ध छ ।

- **सडक संजाल** : गाउँपालिका अन्तर्गत करीव के कति किलोमिटर लम्वाईका मोटरवाटो निर्माण भएको, निर्माण हुँदै रहेको यकिन तथ्याङ्क गाउँपालिकाको पार्श्वचित्रमा उल्लेख नभएपनि अधिकांश क्षेत्रहरुमा कच्ची ग्रामीण सडकहरु निर्माण भएको र हुँदै रहेको अभिलेख पाइन्छ । त्यस्ता अधिकांश सडकहरु वर्षाभरी संचालनमा आउदैनन् ।

## २.६ संगठनात्मक संरचना :

गाउँकार्यपालिका अन्तर्गत विभिन्न समितिहरु गठन भई क्रियाशिल छन् । समितिहरुमा आर्थिक समिति, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन, राजस्व परामर्श, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण, वजेट तथा कार्यक्रम तर्जुमा, स्थानीय विपद् व्यवस्थापन समितिहरु पर्दछन् । त्यसैगरी गाउँ कार्यपालिकामा ४१ जना कर्मचारीहरु कार्यरत छन् । गाउँकार्यपालिकामा प्रशासन, सूचना तथा प्रविधि शाखा, लेखा, प्राविधिक, योजना शाखा, स्वास्थ्य

शाखा, कृषि शाखा, पशुविकास शाखा, कार्यक्रम शाखा, भुकम्प पुननिर्माण शाखाहरु छन् र वडा कार्यालयहरुमा आवश्यक कर्मचारीहरु कार्यरत छन् भएपनि अधिकांश कर्मचारी सहायक हुन । राजपत्राङ्कित तृतिय १ जना र राजपत्रअंङ्कित तहका कर्मचारीहरुको संख्या अधिक छ । राजस्व प्रशासन शाखाका जिम्मेवारी लेखा शाखावाट नै हुनेगरेको छ । लेखा शाखामा लेखापाल र सह लेखापालको व्यवस्था गरिएको छ ।

## २.७ गाउँपालिकाको वित्तीय अवस्था :

गाउँपालिका पार्श्वचित्र २०७६ अनुसार आर्थिक वर्ष २०७५/७६ मा गाउँपालिकालाई आन्तरिक श्रोतवाट रु.१८ लाख ६९ हजार ९३६ प्राप्त भएको छ । उपरोक्त रकम मालपोत वापत रु. ६ लाख ९९ हजार १५०, दस्तुर सिफरिस वापत रु ७ लाख १ हजार २२६ घरधुरी कर वापत रु २ लाख ५५ हजार ६६० प्राप्त भएको छ भने व्यवसाय कर रु.३० हजार मात्र प्राप्त हुन सकेको छ । यसरी कूल आयमा आन्तरिक श्रोतको योगदान करीव ०.५ प्रतिशत मात्रै रहेको छ ।

गाउँपालिकाको आयमा वाह्य श्रोतको योगदान उल्लेखनीय छ करीव ७३.५ प्रतिशत । यस अन्तर्गत वित्तीय समानीकरणको योगदान २२.७ प्रतिशत, सशर्त अनुदानको योगदान ३६.५ प्रतिशत र राजस्व वाँडफाडको योगदान १४.३ प्रतिशत रहेको छ । वित्तीय समानीकरणमा संघवाट रु ७ करोड ६३ लाख र प्रदेशवाट रु ३३ लाख १९ हजार प्राप्त भएको छ भने राजस्वा वाँडफाडमा संघवाट रु.४ करोड ७६ लाख ९६ हजार ३८८ र प्रदेशवाट रु.२४ लाख ४ हजार ४८४ प्राप्त भएको छ । त्यसैगरी सशर्त अनुदानतर्फ संघवाट रु ११ करोड ४६ लाख १२ हजार र प्रदेशवाट रु १ करोड ३५ लाख प्राप्त भएको छ । यस सम्वन्धी विस्तृत विवरण तालिकामा उल्लेख भएको छ ।

**तालिका नम्वर ५ : गाउँपालिकाको आय विवरण**

| **आय श्रोत** | रकम | प्रतिशत | | रकम | प्रतिशत |
|---|---|---|---|---|---|
| गत अल्या | ४१,१३२,१७१ | ११.७ | **अन्य श्रोतहरु** | | |
| दस्तुर सिफारिस | ७०१,२२६ | ०.२ | गरिवसंग विश्वेश्वर कार्यक्रम | ५,३९४,००० | १.५ |
| व्यवसाय कर | ३०,००० | ०.० | स्थानीय तह क्षमता विकास | ३०५,००० | ०.१ |
| मालापोत कर | ६९९,१५० | ०.२ | पूर्वाधार साझेदारी कार्यक्रम | ४,४००,००० | १.३ |
| घरधुरी कर | २५५,६६० | ०.१ | प्रधानमन्त्री रोजगारी कार्यक्रम | ३,१६७,०६२ | ०.९ |
| विविध | १८३,६०० | ०.१ | प्रदेश निर्वाचन क्षेत्र विकास | १,६००,००० | ०.५ |
| **जम्मा आन्तरिक श्रोत** | १,८६९,९३६ | ०.५ | सामाजिक सुरक्षा कार्यक्रम | ३१,०९५,००० | ८.९ |
| नेपाल सरकार | ७६,३००,००० | २१.७ | सडक वोर्ड नेपाल | ४४९,०९७ | ०.१ |
| प्रदेश | ३,३१९,००० | ०.९ | भोजपुर मालपोत कार्यालय | १७०,९९६ | ०.० |
| **वित्तीय समानीकरण** | ७९,६१९,००० | २२.७ | एनसेल टावर वापत कर | ४,९८७ | ०.० |
| नेपाल सरकार | ११४,६१२,००० | ३२.७ | वेरुजु फछ्यौट | ४६६,४०० | ०.१ |
| प्रदेश | १३,५००,००० | ३.८ | संस्कृति प्रवर्ध्दन कार्यक्रम | २,५००,००० | ०.७ |
| **सशर्त अनुदान** | १२८,११२,००० | ३६.५ | धरौती | ४०५,०१९ | ०.१ |
| नेपाल सरकार | ४७,६९६,३८८ | १३.६ | कर्मचारी कल्याण | २०१,०८० | ०.१ |
| प्रदेश | २,४०४,४८४ | ०.७ | | | |
| **राजस्व वाँडफाड** | ५०,१००,८७२ | १४.३ | जम्मा | ३५०,९९२,६२० | १००.० |

# परिच्छेद - तीन : स्थानीय तहको राजस्व सम्वन्धी अधिकार

स्थानीय तहका लागि राजस्व सम्वन्धी संवैधानिक तथा कानूनी अधिकार देहाय वमोजिम व्यवस्था गरिएकोछ ।

## ३.१ संवैधानिक अधिकार :

राज्यशक्तिको वाँडफाँड गर्ने सम्वन्धमा नेपालको संविधान २०७२ को भाग ५ धारा ५७ (४) मा स्थानीय तहको एकल अधिकारको व्यवस्था गरिएको छ र सोही धाराको उपधारा ५ मा साझा अधिकारको व्यवस्था गरिएको छ । यस्तो अधिकारको परिचालन प्रदेश, गाउँसभा वा नगरसभाले वनाएको कानून वमोजिम हुने उल्लेख भएको छ । संविधानको अनुसूची-८ अनुक्रम ४ मा स्थानीय तहको एकल अधिकारमा स्थानीय कर (सम्पत्ति कर, घर वहाल कर, घरजग्गा राष्ट्रिेशन शुल्क, सवारी साधन कर), सेवा दस्तुर शुल्क, पर्यटन शुल्क, बिज्ञापन कर, व्यवसाय कर, भूमिकर ( मालपोत), दण्ड जरिवार, मनोरन्जन कर र मालपोत संकलन रहेको छ भने अनुसूची-९ अनुक्रम ६ मा साझा अधिकारमा सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना, प्राकृतिक श्रोतवाट प्राप्त रोयल्टी र पर्यटन शुल्क रहेको छ ।

नेपालको संविधानको धारा ६० को (१) मा राजस्व श्रोतको वाँडफाँड सम्वन्धमा "संघ, प्रदेश, स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती श्रोतहरुवाट रावस्व संकलन उठाउन सक्ने" उल्लेख छ भने धारा २२८ (२) मा कर लगाउन र ऋण लिन सक्ने सम्वन्धमा "स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय नीति, वस्तु वा सेवा ओसार पसार, पूँजी तथा श्रम वजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून वनाई कर लगाउन सक्नेछ" उल्लेख छ । यसप्रकार स्थानीय तहले कानून वनाई कर लगाउन सक्ने सो करलाई गाउँसभा वा नगरसभावाट पारित गरिनुपर्ने र कर नवनाई वा कानून वाहेक कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने कुरा संविधानको धारा ६० (१) मा उल्लेख छ ।

## ३.२ कानूनी व्यवस्था :

- **स्थानीय सरकार संचालन ऐन, २०७४** : गाउँपालिका वा नगरपालिकाको वित्तीय अधिकार क्षेत्रका सम्वन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ दफा ५४ देखि ६८ सम्म विविध पक्षहरुको व्यवस्था गरिएको छ । यसरी गरिएको व्यवस्था अनुसार दफा ५४ मा कानून वमोजिम वाहेक कर लगाउन, उठाउन वा ऋण लिन नपाइने उल्लेख गरिएको छ भने दफा ५५ मा एकीकृत सम्पत्ति कर र घरजग्गा करको व्यवस्था गरिएको छ । यस अन्तर्गत स्वामित्वमा रहेको सवै घर र जग्गाको एकीकृत रुपमा हिसाव गरी कर लगाउने व्यवस्था छ । आर्थिक ऐन, २०७५ (संशोधन) मा सम्पत्ति कर लगाउन सकने व्यवस्था छ । यसैगरी दफा ५६ मा भूमिकर (मालपोत) जग्गाको उपयोगका आधारमा एकीकृत कर नलगाएको अवस्थामा आर्थिक ऐन २०७५ ( संशोधन) अनुसार यो कर लगाउन व्यवस्था गरेको छ । दफा ५७ मा घरजग्गा वहाल कर लगाउने व्यवस्था छ । यस अन्तर्गत भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा, पोखरी पूरै वा आंशिक रुपमा वहालमा दिएमा यो कर लगाउने व्यवस्था छ । दफा ५८ मा पूँजी तथा आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाउन सक्ने व्यवस्था छ र दफा ५९ मा गाउँपालिका तथा नगरपालिकाले आफैले निर्माण गरेको, रेखदेख वा संचालन, वा सरकारी जग्गामा वनेको संरचना तथा हाट, वजार वा पसल उपयोग गर्न दिएवापत वहाल विटौरी कर लिन सक्ने व्यवस्था गरिएको छ । दफा ६० मा सवारी साधनहरुवाट पार्किङ्ग शुल्क लिन सक्ने अधिकारको व्यवस्था छ भने दफा ६१ मा प्रचलित कानूनहरुले निषेध गरेको वाहेकका मृत वा मारिएका जीवजन्तुहरुको हाड, सिङ, प्वाँख, छाला वा यस्तै प्रकृतिका वस्तुहरुको व्यवसायिक उपयोग गरेमा जीवजन्तु कर, जडीवुटी, ऊन, खोटो खर, कवाडी मालहरुमा जडीवुटी एवं कवाडी कर लगाउन सकिने व्यवस्था छ । त्यसैगरी दफा ६२ मा स्थानीय पर्यटन, मनोरन्जन तथा साहसिक खेलकुद सेवा शुल्क लिन सक्ने व्यवस्था भएको छ भने गाउँपालिका वा नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलव्ध गराएको सेवाहरुवाट पनि सेवा शुल्क लिन सक्ने अधिकारको व्यवस्था गरिएको छ । खानेपानी, विद्युत, धारा, अतिथिगृह, धर्मशाला, पुस्तकालय, सभागृह जस्ता सेवाहरु, फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास एवं सडक वत्ती, शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायमशाला, छात्रावास जस्ता सेवाहरु र पशुवधशाला, शवदाहगृह,

धोवीघाट, हाटवजार जस्ता सेवाहरु गाउँपालिका वा नगरपालिका आफै वा व्यवस्थापन करार वा निजी क्षेत्र मार्फत उपरोक्त सेवा उपभोगमा सेवा शुल्क लिन सक्ने व्यवस्था गरिएको छ ।

यसैगरी दफा ६३ मा कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण सहयोगमा संचालित परियोजनाका लागि विदेशवाट नेपाल तथा प्रदेश सरकार, विश्व विद्यालय, सरकारी अस्पताल, प्रतिष्ठान एवं विकास समितिहरुवाट पैठारी भएका मालसामानहरुमा कर, शुल्क दस्तुर लिन नपाइने व्यवस्था छ भने दफा ६४ मा दोहोरो अधिकार क्षेत्रभित्र कर निर्धारण, संकलन र वाँडफाँडको व्यवस्था गरिएको छ । यस अन्तर्गत सवारी साधन कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर, मनोरन्जन कर, पर्यटन शुल्क, ढुङ्गा, गिट्टी वालुवा, प्राकृतिक श्रोत पर्दछन् । जसको संकलन कर निर्धारण र वाँडफाँड प्रदेश र स्थानीय तहको समन्वय र सहकार्यमा गर्ने व्यवस्था छ भने दफा ६८ मा स्थानीय तहले राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको सिफारिसमा उत्पादनशिल, रोजगारीमूलक, आन्तरिक आय वृद्धि तथा पूँजीगत कार्यमा आन्तरिक ऋण लिन सक्ने व्यवस्था गरिएको छ ।

- **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४** : यस अन्तर्गत परिच्छेद २ दफा ३ मा कर, गैर कर तथा रोयल्टी लगाउने सम्वन्धमा गाउँपालिका वा नगरपालिकालाई राजस्वको अधिकारको व्यवस्था छ । यस अनुसार करहरुमा स्थानीय तहले सम्पत्ति कर, घरवहाल कर, घरजग्गा राजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरन्जन कर, विज्ञापन कर, व्यवसाय करको दर निर्धारण, संकलन र उठाउन सक्ने व्यवस्था छ भने गैर कर अन्तर्गत सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना गर्न सक्ने व्यवस्था छ । यसैगरी दफा ४ मा गैर करको दर निर्धारणका आधार, दफा ५ मा एकल कर प्रशासन सम्वन्धी व्यवस्था, दफा ६ मा मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क वापतको संकलित राजस्व वाँडफाँड, दफा ७ मा प्राकृतिक श्रोतवाट प्राप्त हुने रोयल्टी वाँडफाँडको व्यवस्था छ भने दफा ८ मा वित्तीय समानीकरण अनुदान, दफा ९ मा सर्शत अनुदान, दफा १० समपूरक अनुदान र दफा ११ मा विशेष अनुदानको व्यवस्था छ ।

**गाउँपालिका वा नगरपालिकाको एकल अधिकार**

- **कर कर :**
  - सम्पत्ति कर : घर र सो ले चर्चेको (लेन्ट एरिया) जग्गामा ।
  - भूमि कर (मालपोत): सम्पत्ति कर लगाउने भनि तोकिएको घरजग्गा वाहेकको अन्य जग्गामा ।
  - घर जग्गा बहाल कर ।
  - व्यवसाय कर : पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
  - सवारी कर : टाँगा, रिक्सा, अटोरिक्सा, इ-रिक्सा ।
  - जडिबुटी, कवाडी र जीवजन्तु कर : आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापत ।

- **शुल्क :**
  - बहाल बिटौरी शुल्क : आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
  - पार्किङ्ग शुल्क : आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

- **सेवा शुल्क :**
  - आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, बञ्जीजम्प, जिपफ्लायर, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा व्यवसायमा ।
  - आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवाहरुमा (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला ब्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) ।
  - अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।
  - सिफारिस सम्बन्धी कुनै सेवा शुल्क ।

- **दस्तुर :**
  - दर्ता, अनुमति तथा नवीकरण दस्तुर : एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युशन, कोचिङ, औषधि पसल, प्लटिङ्ग र ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग ।
  - नक्सापास दस्तुर (नक्सा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर) ।
  - पञ्जीकरण ब्यवस्थापन दस्तुर ।
  - वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर ।
  - जग्गा नापजाँच तथा कित्ताकाट दस्तुर ।

- **विक्री :**
  - वस्तु तथा सेवा विक्री ।
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तु ।

**<u>राजस्व : संघीय तथा प्रदेश कानून वमोजिम प्राप्त हुने</u>**

- प्राकृतिक श्रोत साधन र सेवा शुल्क
- खनिज पदार्थको उत्खनन
- सामुदायिक वनको संचालन व्यवस्थापन
- पानी घट्टा, कुलो पैनी जस्ता सेवा
- खानेपानी महसुल
- स्थानीय साना तथा सतह सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र वजार व्यवस्थापन
- जनरल अस्पताल, नसिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायात रुट अनुमति, नवीकरण
- इण्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहका पत्रपत्रिकाको दर्ता

**<u>राजस्व वाँडफाँड : संघीय तथा प्रदेशवाट प्राप्त हुने</u>**

- नेपाल सरकारले संकलन गरेको मूल्य अभिवृद्धि कर र अन्तःशुल्कबाट संकलन भएको रकमको १५ प्रतिशत स्थानीय बिभाज्य कोषमा जम्मा हुने
- प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत

**<u>अनुदान : संघीय तथा प्रदेशवाट प्राप्त हुने</u>**

- बित्तीय समानीकरण अनुदान : खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा ।
- सशर्त अनुदान : कुनै योजना कार्यान्वियन गर्न आयोगले तोकेको आधारमा ।
- समपूरक अनुदान : पूर्वाधार बिकास सम्बन्धी कुनै योजना कार्यान्वियन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा ।
- बिशेष अनुदान : कुनै खास उद्देश्य र योजनाको लागि ।

**<u>बैदेशिक सहायता तथा आन्तरिक ऋण</u>**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वियन गर्न गराउन सक्ने ।
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमा भित्र आन्तरिक ऋण लिन सक्ने ।
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने ।

# परिच्छेद - चार :
# राजस्व परिचालन अवस्था र विश्लेषण

## ४.१ राजस्व परिचालन सम्वन्धी दीर्घकालीन तथा अल्पकालीन नीति कार्यक्रम :

रामप्रसादराई गाउँपालिकाले राजस्व परिचालनका लागि देहाय वमोजिमका दीर्घकालीन तथा अल्पकालीन नीति अवलम्वन गरेको छ ।

**दीर्घकालीन नीति :**

- "कृषि, विद्युतीकरण र सडक विस्तार रामप्रसादराई गाउँपालिकाको पूर्वाधार विकासको आधार"

अल्पकालीन नीति : राजस्व अभिवृद्धि गर्ने सन्दर्भमा आर्थिक वर्ष २०७६/७७ का लागि गाउँसभावाट स्वीकृत भएको वार्षिक नीति कार्यक्रम देहाय वमोजिम रहेको छ ।

- **प्रमुख नीति :**
  - कृषि विद्युतीकरण सडक पर्यटन र संचार जस्ता महत्वपूर्ण क्षेत्रहरुको आधारभूत पूर्वाधारहरु तयार गर्दै आर्थिक वृद्धि र विकासको ढोका खोल्न प्रभावकारी कार्यक्रमहरु वनाई वजेट सही परिचालन गरिने छ ।

- **विषयक्षेत्रगत नीति** (राजस्व परिचालन) : गाउँपालिकाले विषय क्षेत्रगत रुपमा लिएका विभिन्न नीतिहरु मध्ये राजस्व परिचालनका लागि आर्थिक वर्ष २०७६/७७ का लागि अंगिकार गरिएका नीतिहरु देहाय वमोजिम रहेको छ ।
  - संचित कोषवाट हुने सवै प्रकारको सरकारी कारोवार वैंक मार्फत मात्र हुने नीति अपनाइनेछ ।
  - सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई नियमित पारदर्शि र व्यवस्थित वनाउन यसै आर्थिक वर्ष देखि वैकिङ प्रणाली मार्फत गरिने नीति अवलम्वन गरिनेछ ।
  - आर्थिक मितव्ययितालाई जोड दिदै सुशासन अभिवृद्धिमा जोड दिइने छ ।
  - स्थानीय सरकारको अधिकार र मेरुदण्डको रुपमा रहेको करका दायरा र दरलाई सन्तुलित ढंगले पहिचान र परिचालन गर्ने गरी कर संकलन गरिने छ ।
  - पेश्की र वेरुजु फर्छ्यौट विषयमा अति सम्वेदनशिल भई सावधानी अपनाइने छ ।
  - तोकिएको समय सीमा भित्र योजना संभ्mौता र सम्पन्न गर्न गराउन उपभोक्ताहरु माझ विभिन्न अभियानहरु संचालन गरिने छ ।

  उपरोक्त नीति अनुसार गाउँपालिकाले करको दायरा फराकिलो पार्दै आन्तरिक आयमा वृद्धि ल्याउने नीति अवलम्वन गरेको देखिन्छ । यसका लागि सम्पत्ति कर, व्यवसाय कर, घर जग्गा वहाल कर जस्ता आन्तरिक कर संकलनमा प्रभावकारी पहल गर्नेतर्फ गाउँपालिका उन्मुख भएको पाइन्छ ।

- **राजस्व अभिवृद्धिमा सहयोग पुग्ने नीतिगत पक्षहरु :**
  - एक गाउँ एक उत्पादन कार्यक्रमलाई साकार पार्न कृषि पकेट क्षेत्र घोषणा गरिनेछ ।
  - कृषिमा आधारित उद्योग व्यवसाय संचालन गर्न विशेष अनुदानको व्यवस्था गर्दै लगिनेछ ।
  - कृषि शित भण्डारको निर्माणका लागि आवश्यक पहल गरिनेछ ।
  - एक गाउँ एक कृषि सहकारी को अवधारणा विकास गर्दै लगिनेछ ।
  - सार्वजनिक भवन, सामुदायिक, निजी वनको संरक्षण र वहुपयोगी नीतिवारे सरोकार पक्षसंग परामर्श गरिनेछ
  - ढुङ्गा, गिट्टी, वालुवा उत्खनन र सडक लगायत भौतिक पूर्वाधार निर्माण गर्दा भूक्षय र वन वातावरणलाई असर कम गर्ने नीति वनाइनेछ ।
  - सकारी संस्थाहरु मार्फत कृषिजन्य उत्पादन वढाउन कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

  उपरोक्त नीतिगत पक्षहरुको कार्यान्वयनवाट प्रत्यक्ष अप्रत्यक्ष रुपमा गाउँपालिकाको राजस्व अभिवृद्धिमा सहयोग पुग्न सक्ने अपेक्षा गर्न सकिन्छ । उद्योग व्यवसायको स्थापना, विकास प्रवर्द्धनवाट दर्ता तथा नवीकरण शुल्कमा वृद्धि, निकासी शुल्क, पर्यटन शुल्क, खानेपानी आपूर्तिवाट सेवा शुल्क, फोहोरमैला व्यवस्थापन शुल्क संकलन हुने,

र अर्कोतर्फ उद्योग व्यवसाय संचालनवाट व्यवसाय कर, घरवहाल कर जस्तावाट राजस्वमा समेत अभिवृद्धि हुने हुन्छ ।

## ४.२ राजस्वको आधार क्षेत्र विश्लेषण : विद्यमान अवस्था, सम्भावना र सुधारका पक्षहरु

**विद्यमान अवस्था :**

गाउँपालिकाले कर र गैर कर गरी दुई भिन्न श्रोतहरुवाट राजस्व संकलनका लागि आधार क्षेत्र निर्धारण गरेको छ । त्यस्ता क्षेत्रहरुमा घरधुरीकर, मालपोत वा भूमिकर, व्यवसायकर, सिफारिस तथा प्रमाणित दस्तुर, र सेवा शुल्क लगायत अचल सम्पत्तिको मूल्याङ्कन, जग्गाको न्यूनतम मूल्य निर्धारण र ढुङ्गा गिट्टी वालुवा विक्री रहेका छन् ।

**राजस्वका आधार श्रोतहरु निर्धारण** : गाउँपालिकाले राजस्व संकलन गर्ने उद्देश्यले विभिन्न १६२ शिर्षकहरुलाई राजस्वका आधार क्षेत्रहरु निर्धारण भएको छ । यसरी निर्धारित आधार क्षेत्रहरु देहाय वमोजिम रहेको छ ।

★ **कर राजस्व :**

- **भूमिकर (मालपोत)** : यस अन्तर्गत आर्थिक वर्ष २०७५/७६ का लागि गाउँपालिका भित्रको जग्गालाई पाखावारी र खेत गरी दुई भागमा वर्गीकरण गरी सोही अनुसार प्रतिरोपनीका दरका दरले दररेट निर्धारण गरेको छ । पाखावारी तर्फ अव्वल रु १५, खेततर्फ रु.१६ प्रति रोपनी निर्धारण गरिएको छ भने दोयमको पाखावारी तर्फ रु. १२ र खेततर्फ रु. १४ प्रति रोपनी निर्धारण भएको छ । त्यसैगरी पाखावारीको सीमतर्फ रु. १० र खेतको सीमतर्फ रु. १२ निर्धारण भएको छ भने पाखावारीको चाहारतर्फ प्रति रोपनी रु.८ र खेतको चाहारतर्फ रु १० निर्धारण गरिएको छ ।

  जग्गाको न्यूनतम मूल्याङ्कन दर निर्धारण गरिएको छैन । जग्गालाई भूउपयोगका आधारमा वर्गीकरण नगरी अन्नवाली उत्पादनका आधारमा जग्गालाई अव्वल, दोयम, सिम, चाहार गरी ४ क्षेत्रमा वर्गीकरण गरिएको छ । यसवाट सडकले छोएको जग्गा र सडकवाट धैरै टाढाको जग्गाको करदर एकैप्रकारको छ । यसवाट कर प्रणाली वैज्ञानिक र व्यवहारिक नभएको प्रष्टै हुन्छ । तापनि नागरिकहरुमा यसप्रकारको अभ्यास विकास हुन अझै वाँकी देखिन्छ ।

- **धुरी कर (सम्पत्ति कर)** : गाउँपालिकाको आर्थिक ऐन, २०७६ ले सम्पत्ति करको व्यवस्था गरेतापनि गाउँपालिकाले सम्पत्ति (घर र जग्गाको) मूल्यांकन नगरी एकमुष्ट पक्की संरचनालाई रु.२०० कर निर्धारण भएको छ । च्यादर/टायलको संरचनालाई रु.१०० र फुसकोलाई रु.५० निर्धारण गरिएको छ । करको दररेटमा फरकपन र घटिवटी भए तापनि घरलाई भौगोलिक क्षेत्रका आधारमा मूल्याङ्कन नभएको, घरले चर्चेको र त्यसको वरिपरिको जग्गाको न्यूनतम मूल्याङ्कन गरिएको छैन । यसवाट व्यवसायिक क्षेत्रमा वनेको घर र आवसीय क्षेत्रमा वनेको पक्की घरको कर दर एकैप्रकारको छ । यस अनुसार कर संकलनको अभ्यास नागरिकमा अझै वाँकी देखिन्छ ।

  स्थानीय सरकार संचालन ऐन, २०७४ मा धुरी करको व्यवस्था गरेको अवस्था छैन । ऐनको दफा ५५ अनुसार स्थानीय तहले आफनो अधिकार क्षेत्रभित्रको जमिन र भौतिक संरचनामा मूल्यांकनको आधारमा सम्पत्ति कर लगाउन सकिने व्यवस्था भएकोले हाल गाउपालिकाले घरधुरीकरको नामबाट संकलन भइरहेको राजश्व प्रणालीलाई आगामी आ.व.देखि सम्पत्तिकर प्रणालीको मर्म अनुसार सम्पत्तिकर संकलन सम्बन्धी र्निदेशिका वा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ । गाउँपालिकाले यस सम्वन्धी विस्तृत विवरण राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला गोष्ठीद्वारा भूउपयोगका आधारमा निर्धारण गरिएको जग्गाको न्यूनतम मूल्याङ्कन यसै प्रतिवेदनको अनुसूचीमा उल्लेख गरिएको छ ।

- **जडीवुटी, कवाडी तथा जीवजन्तु कर** : गाउँपालिकाको आर्थिक ऐन, २०७६ अनुसार जडीवुटी व्यवसायिक ढंगवाट गरिएमा मात्र व्यवस्था गरिएको करदर आकर्षित हुने देखिन्छ । खयरको निकासीमा प्रति केजी रु ३० का दरले निकासी शुल्क निर्धारण गरिएको छ भने कवाडी तथा जीवजन्तु तर्फ करदरको व्यवस्था गरिएको छैन । अहिले सम्मको अभ्यासमा यस अन्तर्गत कर राजस्व संकलन हुनसकेको छैन ।

- **घरवहाल कर :** यस अन्तर्गत कोठा वा घरमा भाडामा वसेवापत भाडा रकमको १० प्रतिशतका दरले करदर निर्धारण गरिएको छ । तापनि यो अभ्यास यस गाउँपालिकामा देखिएको छैन र यस अन्तर्गत गाउँपालिकामा कर संकलन हुन पनि सकेको छैन ।

- **विज्ञापन कर :** सार्वजनिक स्थानमा विज्ञापन तथा साइनवोर्ड राखे वापत वार्षिक रुपमा एकमुष्ट करदर रु. १०००।- निर्धारण गाउँपालिकावाट भएको छ । तापनि यो अभ्यासमा छैन र कर संकलन पनि हुन सकेकोछैन ।

- **व्यवसाय कर :** यस अन्तर्गत गाउँपालिकाले उद्योग, व्यापार, व्यवसायहरुलाई ५१ वटा विभिन्न क्षेत्रहरुमा वर्गीकरण गरेकोछ र सोही अनुसार वार्षिक एकमुष्ट करदर निर्धारण गरिएको छ । यस अन्तर्गत किराना पसल, खुद्रा तथा थोक विक्रेता, वितरक, विशेषज्ञ परामर्श, ढुवानी ट्रान्सपोर्ट, साइनवोर्ड लेख्ने, सिलाइकटाई, ग्रील, जुत्ता जग्गा तथा निर्माण व्यवसायी, घरेलु तथा कुटिर उद्योग आदि यसै अन्तर्गत राखिएको छ । यस अन्तर्गत गरिएको करदर न्यूनतम रु. २०० देखि अधिकतम रु. ५००० सम्म निर्धारण गरिएको छ । त्यसैगरी सेवा उद्योग अन्तर्गत संचार, वित्तीय, स्वास्थ्य सेवा, निजी विद्यालय आदि राखी सोही करदर निर्धारण गरिएको छ । यसरी निर्धारण गरिएको करको दररेटको आधार यकिन हुन सकेको छैन । कर प्रयोजनका लागि उद्योग व्यवसायको प्रकृति, वार्षिक कारोवार, नाफा आर्जन, व्यवसायको आकार, व्यवसायवाट स्थानीय वातावरण प्रदुषणमा पुग्न सक्ने असर जस्ता विविध पक्षहरुलाई आधार मानी करदर निर्धारण गर्न सकिएपनि सो आधारहरु यकिन गरिएको छैन ।

- **सवारी साधन कर, पटके सवारी कर :** प्रदेश सरकारको सवारी करसंग सम्वन्धित रही स्थानीय तहले कर संकलन गर्ने व्यवस्था भएपनि गाउँपालिकाले यस अन्तर्गत सावारी साधानहरुलाई वर्गीकरण गरी करदर निर्धारण गरेको छ । न्यूनतम रु. ५०० देखि अधिकतम रु. ३००० सम्म करदर निर्धारण भएको छ । स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको ठेलगाडा, रिक्साहरुको दर्ता, संचालनमा कर निर्धारण गरी संकलन गर्न सक्ने व्यवस्था अनुसार यस गाउँपालिकाले यस्ता साधनहरुका लागि रु ५०० करदर निर्धारण गरेको छ । तापनि यसप्रकारको सवारी साधनहरु विद्यमान अवस्थामा संचालनमा नरहेकोले कर संकलन हुनपनि सकेको छैन । गाउँपालिकावाट जिल्लाका विभिन्न क्षेत्रहरुमा स्थानीय सवारी साधनहरु वस, ट्याक्सी, ट्याक्टर नियमित रुपमा संचालन हुँदै आएको सन्दर्भमा त्यस्ता सवारी साधनहरुवाट कर राजस्व संकलन गर्न सक्ने संभावना भएरपनि सो हुन सकिरहेको छैन ।

★ **गैर कर राजस्व :**

- **सिफारिस तथा प्रमाणित दस्तुर** : गैर कर राजस्व संकलनका लागि गाउँपालिकाले यस अन्तर्गत विभिन्न क्षेत्रहरु निर्धारण गरेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७६ अनुसार यस अन्तर्गत ५७ किसिमका विभिन्न क्षेत्रहरु निर्धारण भएको छ । त्यस्ता क्षेत्रहरुमा घरजग्गा नामासरी, मोही लगतकट्टा, सरजमिन, छात्रवृत्ति, अपाङ्गता, स्थायी/अस्थायी वसोवास, नागरिकता, नागरिकता प्रतिलिपि, विद्युत जडान, जीवित रहेको, धारा जडान, जन्ममिति संशोधन, व्यवसाय वन्द, व्यवसाय संचालन नभएको, कोर्टफि मिनाहा, उद्योग ठाँउसारी, विद्यालय ठाँउसारी, वसाईसराई, जन्मदर्ता, संरक्षण, वाटो कायम, स्वास्थ्य उपचार, नाता प्रमाणित, पञ्जीकरण, चारकिल्ला प्रमाणित, नाम थर संशोधन, छुट जग्गा दर्ता, संगोल तथा अंशियार प्रमाणित, करकारखाना सर्जमिन, जग्गा मूल्याङ्कन, विवाह/अविवाहित प्रमाणित, अन्य कार्यालयमा पठाउने पत्र सिफारिस आदि रहेका छन् । यस्ता सेवा उपभोग गरेवापत सेवाग्राहीहरुले न्यूनतम रु. २०० देखि अधिकतम रु. ५००० र निर्माण व्यवसायि इजाजतपत्र दस्तुरका लागि रु.२५००० समेत निर्धारण गरिएको छ ।

- **शुल्क तथा दस्तुर** : संस्था दर्ता (विज्ञापन एजेन्सी, परामर्शदाता, वोडिङ्ग स्कूल, प्राविधिक शिक्षालय, वैंक), पसल (खुद्रा, थोक, भाडा पसल, कपडा, फेन्सी, सुनचाँदी, माछा, मासु, कस्मेटिक, औषधी, स्टेशनरी, घुम्ती, मदिरा तथा सूर्तिजन्य), फोटोग्राफी, सूचिकार, व्यवसायिक फर्म (वंगुर, कुखुरा, एग्रोभेट, सौर्यउर्जा, कृषि समूह, मेडिकल), फर्निचर उत्पादन विक्री, सेवामुलक व्यवसाय, लेखापरीक्षण, परामर्श सेवा, निर्माण व्यवसाय, मनोरन्जन सेवा, होटेल रेष्टुरेण्ट, प्रशिक्षण केन्द्र, मर्मत केन्द्र, कलरल्याव, मोटर ग्यारेज, रेमिट्यान्स, इण्टरनेट सेवा, एफएम रेडियो, व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, वसाइ सराइ) आदिवाट गैर कर राजस्व संकलन हुन सक्ने भएकाले राजस्वको आधार क्षेत्रका रुपमा लिइएको छ ।

यसैगरी सवारी पार्किङ शुल्क (ठूला  साइजका चारपाङ्ग्रे सवारी साधानहरु वस, ट्रक, साना साइजका चारपाङ्ग्रे सवारी साधान र दुई पाङ्ग्रे मोटरसाइकलवाट राजस्व संकलन हुन सक्ने भएकोले राजस्वको आधार क्षेत्रमा लिइएको छ । भने होडिङ् वोर्ड र विद्युतीय उपकरण तथा मल्टिमिडियालाई भाडामा दिए वापत पनि राजस्व संकलन हुने सक्ने अनुमान गरिएको छ ।

- **विक्री** : गाउँपालिकाको स्थानीय स्तरमा रहेका प्राकृतिक श्रोतहरुमा रहेका ढुङ्गा गिट्टी वालुवा माटो, स्लेट विक्रीवाट राजस्व संकलन हुन सक्ने अनुमान गरिएको छ ।

**राजस्व संकलन हुँदै आएका क्षेत्रहरु** : उपरोक्त क्षेत्रहरु राजस्वका आधार क्षेत्र निर्धारण भएपनि सवै क्षेत्रहरुवाट राजस्व संकलन हुन सकेको छैन । मूलत कर राजस्व अन्तर्गत भूमिकर (मालपोत), घरधुरी कर र गैर कर राजस्व अन्तर्गत शुल्क दस्तुर खासगरी विभिन्न सिफारिस र प्रमाणित दस्तुरवाट मात्रै राजस्व संकलन हुन सकेको छ ।

**आन्तरिक आय** : उपरोक्त श्रोतहरुवाट राजस्व संकलनका आधार क्षेत्रहरु निर्धारण गरिएपनि सवै क्षेत्रहरुवाट राजस्व संकलन हुन सकेको छैन । गाउँपालिकाको पार्श्वचित्र २०७६ अनुसार राजस्व संकलन मुलत भूमिकर (मालपोत), घरधुरी कर, र सिफारिस शुल्क दस्तुर रहेका छन् । स्थानीय तहका लागि एकल अधिकार क्षेत्रभित्र रहेका सम्पत्ति कर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी कर र जडीवुटी, कवाडी तथा जीवजन्तु कर रहेपनि त्यस्ता क्षेत्रवाट कर राजस्व संकलन हुन सकेको छैन ।

**तालिका नम्वर ६**
**आर्थिक वर्ष २०७५।७६ को आन्तरिक आय**

| आय श्रोत | रकम रु | प्रतिशत |
|---|---|---|
| कर राजस्व | ९,८४,८१० | ५२.७ |
| गैरकर राजस्व | ८,८४,८२६ | ४७.३ |
| जम्मा : कूल राजस्व | १८,६८,९३६ | १०० |

आर्थिक वर्ष २०७५/७६ मा गाउँपालिकाले रु.१८ लाख ६९ हजार ९३६ राजस्व संकलन गरेको छ । यसमा कर राजस्व तर्फ रु ८ लाख ५४ हजार ८१० र गैरकर राजस्व तर्फ रु ८ लाख ८४ हजार ८२६ रहेको छ । कूल आन्तरिक आयमा कर राजस्व र गैरकर राजस्वको हिस्सा क्रमश: ५२.७ र ४७.३ प्रतिशत रहेको छ । यसवाट गैरकर राजस्वको अंश भन्दा गैरकर राजस्वको हिस्सा तुलनात्मक रुपमा न्यून छ । कर राजस्व तर्फ भूमिकर र घरधुरी (सम्पत्ति) कर र गैरकर राजस्व तर्फ सिफारिस दस्तुरको वाहुल्य अधिक छ ।

**➧ सम्भावना :**

मूलत गाउँपालिकाको क्षेत्रभित्रको जग्गालाई भूउपयोगका आधारमा वर्गीकरण गर्ने र वर्गीकरणका आधारमा जग्गाको न्यूनतम मूल्य निर्धारण गरी सम्पत्तिकर प्रणालीलाई अगाडि वढाउन सकेमा गाउँपालिकाको राजस्व संकलनमा ठूलो सहयोग पुग्ने सम्भावना रहेको छ । यसका लागि राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला गोष्ठीमा सहभागिहरु जग्गाको वर्गीकरण गरी न्यूनतम जग्गाको मूल्य समेत निर्धारण भएको छ । सोको आधारमा भूमिलाई व्यवसायिक क्षेत्र, आवसीय, कृषि, र अन्य क्षेत्र गरी चार भागमा वर्गीकरण गर्ने प्रस्ताव गरिएको छ ।

सम्पत्ति कर अन्तर्गत खासगरी घरको संरचना, त्यसको ओगटेको जग्गा क्षेत्रफल र व्यवसायिक क्षेत्र जस्ता पक्षहरुलाई आधार मानी सम्पत्तिको मूल्यांकन गरी सोही आधारमा कर संकलन गर्ने सम्भावना छ । यस सम्वन्धमा पनि गाउँपालिकाले संरचनाको किसिम र संरचना वनौटको भौगोलिक अवस्थितिलाई आधार मानी करको दररेट निर्धारण गर्नु आवश्यक   छ । गाउँपालिका अन्तर्गत भएका संरचनाहरु भूउपयोगका आधारमा तथ्याङ्क संकलन हुन वाँकी छ ।

गाउँपालिकाको धेरै क्षेत्रहरु सडक संजालवाट जोडिदै आएको र क्रमिक रुपमा वजार क्षेत्रहरु विस्तार हुन थालेवाट गाउँपालिकाले सम्पत्ति करलाई पनि विशेष जोड दिनुपर्ने देखिन्छ भने व्यवसायिक कर तर्फ पनि गाउँपालिकाले विशेष पहल गर्दै कर संजालमा ल्याउन सकिने सम्भावना रहेको छ । यसमा व्यवसाय कर, व्यवसाय फर्म दर्ता तथा नवीकरण जस्ता पक्षहरुलाई स्पष्ट रुपमा परिभाषा गर्नुपर्ने सोही अनुसार व्यवसायिक क्षेत्रलाई जानकारी गराउनु पर्ने हुन्छ ।

| तालिका नम्वर ७<br>भूउपयोगका आधारमा भूमि वर्गीकरण र अनुमानित राजस्व | | | | |
|---|---|---|---|---|
| भूमिको वर्गीकरण | न्यूनतम मूल्य निर्धारण | सम्पत्तिकर दररेट | जम्मा रोपनी/घरधुरी | जम्मा राजस्व |
| व्यवसायिक क्षेत्र | ५०,००० - ४००,००० | रु. १ लाख सम्म ०.०३% र सो माथि रु. ५ लाख सम्म ०.०५%, सो माथि १० लाख सम्म ०.०७%, सो माथि २० लाख सम्म ०.१०%, सो माथि ५० लाख सम्म०.१५%, सो माथि १ करोड सम्म ०.१७५% र सो माथि ०.२% | १०८१६/ १८१ | ३०४,७९१ |
| आवसीय क्षेत्र | २०,०००- ६५,००० | ,, | ३२४४७/ ५४४ | ५१८,७६६ |
| कृषि क्षेत्र | १०,०००- ३०,००० | ,, | १०८१५७/ १८१५ | १,०९६,८६५ |
| अन्य क्षेत्र | ५,००० - १०,००० | ,, | ६४८९४/ १०८९ | ४९,८०८ |

गाउँपालिकामा पसलको संख्या क्रमिक रुपमा वढ्दै छ । सहकारी संस्था, व्यवसायिक वाख्रापालन र निर्माण व्यवसाय संचालनमा छन् । यस्ता व्यवसायिक संस्थाहरुको दर्ता तथा अनुमति वापत गाउँपालिकालाई रु. ८४ हजार र नवीकरण वापत रु. ४२ हजार वार्षिक रुपमा प्राप्त हुने देखिन्छ भने दर्ता रकमलाई आधार मानेर व्यवसाय कर संकलन गर्दा पनि गाउँपालिका लाई रु ४२ हजार राजस्व प्राप्त हुने देखिन्छ ।

| तालिका नम्वर ८<br>व्यवसायवाट अनुमानित राजस्व संकलन | | | | |
|---|---|---|---|---|
| व्यवसायका किसिम | संख्या | दर्ता/अनुमति शुल्क रु | नवीकरण शुल्क रु | व्यवसाय कर रु |
| सहकारी दर्ता अनुमति | ८ | १००० | ५०० | ५०० |
| व्यवसायिक फर्म | १० | १००० | ५०० | ५०० |
| चिस्यान केन्द्र | १ | १००० | ५०० | ५०० |
| पानीमिल | २ | १००० | ५०० | ५०० |
| डिजेल मिल | २६ | १००० | ५०० | ५०० |
| विद्युत मिल | ७ | १००० | ५०० | ५०० |
| कृषि तथा जडिवुटी प्रशोधन केन्द्र | २ | १००० | ५०० | ५०० |
| उद्योग | २ | १००० | ५०० | ५०० |
| कोशेली उद्योग | १ | १००० | ५०० | ५०० |
| कृषि तथा पशु फर्म | १० | १००० | ५०० | ५०० |
| सवारी साधन संचालन व्यवसाय | १५ | १००० | ५०० | ५०० |
| जम्मा | ८४ | ८४००० | ४२००० | ४२००० |

गाउँपालिकाको निर्धारण गरेको राजस्व आधार क्षेत्रमा स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित अधिकार क्षेत्रलाई विश्लेषण गरी छुटेका क्षेत्रहरुवाट पनि राजस्व संकलन हुन सकेमा गाउँपालिकाको आन्तरिक राजस्वमा अभिवृद्धि ल्याउन सकिन्छ ।

### ➧ सुधारका पक्षहरु :

राजस्व आधार क्षेत्र निर्धारणका सम्वन्धमा देहाय वमोजिमका पक्षहरुमा सुधार गर्नुपर्ने देखिएको छ ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेखित क्षेत्रहरुलाई आधार मानी छुटेका क्षेत्रहरुलाई राजस्व संकलनका क्षेत्रमा समावेश गरी सोही अनुसार राजस्व दर निर्धारणमा पहल गरी कर संजाल भित्र सवै क्षेत्रहरु समावेश गरी कर तिर्नुपर्ने अभ्यास विकास हुने संभावना छ । यस अनुसार केही क्षेत्रहरु जस्तो सहकारी संस्था अनुमति, घरजग्गा वेचविखन व्यवसाय आदि छुटेकोले त्यस्ता क्षेत्रहरुवाट पनि राजस्व संकलन गर्न सकिनेछ ।

- भूमिकर (मालपोत) प्रणालीमा सुधार गरी भूउपयोगका आधारमा घर जग्गा संरचनाको वर्गीकरण गरी सम्पत्ति कर प्रणाली लागु गर्नु उपयुक्त हुन्छ । यस प्रणालीले गाउँपालिकाको कर प्रणाली प्रगतिशिल हुने र करको भार पनि समताको आधारमा वितरण हुने हुंदा गरिव असहाय र धनी वर्गलाई एकै प्रकारको वोझलाई न्यूनीकरण गर्न सकिन्छ । गाउँपालिका भूमिकर (मालपोत) समदरवाट प्रगतिशिल कर प्रणालीमा परिवर्तन भएको छ तापनि करदरमा अझै व्यवहारिकताको खाँचो देखिएको छ । भूमिकरको करदरमा परिमार्जन गर्नुपर्ने देखिएको छ ।

- गाउँपालिकाले संकलित राजस्वलाई पूँजी निर्माण हुनेतर्फ विशेष चासो दिई लगानी भएमा गाउँपालिकाको आय श्रोतमा वृद्धि ल्याउनु आवश्यक छ । गाउँपालिका लगायत वडा कार्यालयहरुको भवन निर्माण नभइरहेको सन्दर्भमा त्यस्ता कार्यालयहरु वहुउद्देश्यका साथ भवन निर्माण गर्नु आवश्यक छ ।

- गाउँपालिकामा ४२ वटा सामुदायिक वन र ७ वटा सहकारी संस्था संचालनमा छन् । त्यस्ता संस्थाहरुवाट भएको आय आर्जनलाई गाउँपालिकाको राजस्व संजालमा समावेश गर्न सकेको खण्डमा गाउँपालिकाको राजस्व वृद्धिमा उल्लेखनीय सहयोग पुग्ने देखिन्छ ।

- गैर करवाट राजस्व संकलन गर्ने नीति भन्दा करवाट राजस्व संकलन गर्ने नीति अवलम्वन गर्दा नागरिकहरुमा सकरात्मक संदेश प्रवाह हुने देखिन्छ । गैर करका दरलाई सक्दो न्यून दरमा सेवा उपलव्ध र वर्षको एक पटक मात्र कर वुझाए हुने अभ्यासलाई प्रभावकारी ढंगवाट परिचालन भएमा करमा अभिवृद्धि ल्याउन सकिन्छ ।

## ४.३ राजस्व दररेट विश्लेषण : विद्यमान अवस्था, सम्भावना र सुधारका पक्षहरु

**विद्यमान अवस्था :**

गाउँपालिका आर्थिक ऐन, २०७६ अनुसार राजस्व क्षेत्रलाई विभिन्न क्षेत्रमा विभाजन गरी करदर निर्धारण गरिएको छ । यस अनुसार सम्पत्ति कर, संरचना कर, भूमिकर (मालपोत), घरजग्गा वहाल कर, व्यवसाय कर, वहाल तथा विटौरी शुल्क, सेवा शुल्क रहेका छन् । यसरी विभाजित क्षेत्रहरुको करदर देहाय वमोजिम रहेको छ ।

**भूमिकर (मालपोत) :**

गाउँपालिकाको कर प्रणालीमा परम्परागत शैलीको समदर कर प्रणाली अवलम्वन गरेको छ । यस अनुसार करदाताहरु सवैलाई एकै प्रकारको करको वोझ पर्ने देखिन्छ । व्यवसायिक रुपमा महत्व राख्ने क्षेत्र र नराख्ने क्षेत्रहरुको लागि करदर निर्धारण समदरमा छ । गाउँपालिकावाट भूमिकर संकलन प्रयोजनका लागि निर्धारण गरिएको करको दररेट यसप्रकार रहेको छ ।

**तालिका नम्वर ९**
**भूमिकर (मालपोत) को करदर**

| क्रसं. | विवरण | अनुमानित करदाता संख्या | करदर रु | विवरण | अनुमानित करदाता संख्या | करदर रु |
|---|---|---|---|---|---|---|
| | पाखावारी | | | खेत | | |
| १ | अव्वल : प्रति रोपनी | २५० | १५ | अव्वल : प्रतिरोपनी | २००० | १६ |
| २ | दोयम : प्रति रोपनी | ७१४० | १२ | दोयम : प्रति रोपनी | ८१५० | १४ |
| ३ | सिम : प्रति रोपनी | ९८७८ | १० | सिम : प्रति रोपनी | १५५५० | १२ |
| ४ | चाहार : प्रति रोपनी | ३०२५० | ८ | चाहार : प्रति रोपनी | १५४३७ | १० |
| ५ | पाचौ : प्रति रोपनी | | १० | | | |

**सम्पत्ति कर :**

गाउँपालिकाले सम्पत्तिकरको नामबाट घरधुरी कर लगाउदै आएको छ । यो कर सामान्यत घर वा सोले चर्चेको क्षेत्र जग्गामा लगाउने गरिन्छ । यस वारेमा करदाताहरुमा पर्याप्त अनभिज्ञता पाइन्छ भने कर संकलनमा पनि त्यत्तिकै

कठिन भइरहेको अवस्था छ । यसको कार्यान्वयनका लागि गाउँपालिकाले विभिन्न आधारहरु तयार पारी भूमिलाई (व्यवसायिक, आवसीय, कृषि र अन्य) वर्गीकरण गर्नुपर्ने हुन्छ । घरधुरीकर प्रयोजनका लागि गाउँपालिकाले संरचनालाई मूलत ३ किसिम (पक्की, च्यादर/टायल छाना र फुसको छाना) गरी एकमुष्ट करदर निर्धारण गरेको छ ।

गाउँपालिकाको आर्थिक ऐन, २०७६ अनुसार सम्पत्ति कर को करदार विवरण यसप्रकार रहेको छ ।

**तालिका नम्वर १० संरचनाको करदार**

| क्रसं. | क्षेत्र | संरचनाको किसिम | | (करदर रु.) |
|---|---|---|---|---|
| | | पक्की | च्यादर/टायलको छाना | फुसको छाना |
| १ | सबै क्षेत्र (व्यवसायिक, आवसीय, कृषि तथा अन्य) | २०० | १०० | ५० |
| २ | अनुमानित करदाता संख्या | २ | १४०० | २४०० |
| ३ | | | | |
| माथि उल्लेखितमा प्रति तल थपमा रु. ..... थप लाग्नेछ । | | | | |

घर संरचनाको आधारमा उपरोक्त करदर निर्धारण भएको देखिन्छ । यस अनुसार सबै क्षेत्रका पक्की घरको करदर रु. २०० निर्धारण भएको छ । त्यसैगरी टायल छाना भएका घरलाई रु.१०० र फुसका घरहरुको करदर रु.५० निर्धारण भएको छ । यसरी निर्धारण गरिएको करदर भूउपयोगका आधारमा अर्थात संरचनाको व्यवसायिक मूल्यका आधारमा निर्धारण नभएकाले करदरमा वैज्ञानिकता पाइदैन । व्यवसायिक क्षेत्र, आवसीय वा कृषि क्षेत्रका पक्की वा टायलको छाना भएको संरचनाहरु सबैले एकै दरमा राजस्व भुक्तानी गर्नुपर्ने प्रावधान आफैमा न्यायोचित हुँदैन ।

घरजग्गा वहाल कर : गाउँपालिकाको आर्थिक ऐन, २०७६ अनुसार घरजग्गा वहाललाई विभिन्न क्षेत्रमा वर्गीकरण गरी सोही अनुसार भाडादर निर्धारण भएको छ । यस अनुसार कोठा भाडामा लिएवापतको कूल भाडा रकमको १० प्रतिशत घरजग्गा वहाल कर वुझाउनुपर्ने व्यवस्था आर्थिक ऐन, २०७६ मा उल्लेख छ । तापनि भाडामा लिने र दिने अभ्यास गाउँपालिकामा देखिएको छैन । यस अन्तर्गत गाउँपालिकामा राजस्व संकलन हुन पनि सकेको छैन ।

**व्यवसाय कर :**

गाउँपालिकाको आर्थिक ऐन, २०७६ अनुसार व्यवसाय करलाई व्यवसायको प्रकृति र स्तरको आधारमा वर्गीकरण गरी करदर निर्धारण गरिएको छ । यस अन्तर्गत व्यवसायहरुको शुरु दर्ता गर्दाको दर्ता शुल्क र वार्षिक रुपमा व्यवसाय नवीकरण गर्दाको नवीकरण शुल्क गरी दुई किसिमको करदर निर्धारण भएको छ । व्यवसाय कर संकलन हुन सक्ने ५१ वटा भिन्न क्षेत्रहरु गाउँपालिका तोकेको छ । यसरी विभिन्न क्षेत्रहरु निर्धारण गरिएपनि निर्धारित सवै क्षेत्रहरुवाट गाउँपालिकामा कर संकलन हुनसकेको छैन । गाउँपालिकामा खासगरी होटेल व्यवसाय, खुद्रा किराना पसलहरु संचालनमा छन् । यसवाहेक कुटानी पिसानीका मिलहरु छन् । यस्ता व्यवसायहरुवाट गाउँपालिकाले राजस्व संकलन गर्न सकिरहेको छैन र गाउँपालिकामा दर्ता भई व्यापार व्यवसाय संचालन भएको पनि छैन ।

व्यवसाय कर, व्यवसाय दर्ता तथा नवीकरण आफैमा स्पष्ट परिभाषा गाउँपालिकावाट हुन पनि सकिरहेको छैन । व्यवसाय नवीकरण शुल्क नै व्यवसाय कर हो वा होइन यकिन हुन सकिरहेको छैन र आर्थिक ऐनमा व्यवसाय नवीकरण शुल्क समेत निर्धारण गरिएको छैन ।

**जडीवुटी, कवाडी र जीवजन्तु कर :**

यसका लागि गाउँपालिकाको आर्थिक ऐन, २०७६ मा खासै व्यवस्था गरिएको छैन तापनि खयर निकासी सम्वन्धी व्यवस्था भने गरिएको पाइन्छ । गाउँपालिकावाट खयर निकासी गर्दा प्रति क्युविक रु.३० निर्धारण भएको छ । तापनि गाउँपालिकाले यसरी हुने निकासीमा राजस्व संकलन गर्न सकिरहेको छैन ।

**सेवा शुल्क :**

गाउँपालिकाको आर्थिक ऐन, २०७६ अनुसार गाउँपालिकाको सेवा प्रवाहमा राजस्व संकलन गर्ने गरेको छ । यसका लागि गाउँपालिकाले ५७ वटा भिन्न क्षेत्रहरु तोकेको छ । विगत आर्थिक वर्ष २०७४/७५ मा गाउँपालिकाले सिफारिस शुल्क वापत रु.७ लाख १ हजार राजस्व संकलन गर्न सक्षम भएको छ । गाउँपालिकाको आन्तरिक आय अभिवृद्धिमा यस क्षेत्रको उल्लेखनीय भूमिका खेल्दै आएको छ । सेवा दस्तुर गाउँपालिकाको सेवा प्रवाहसंग प्रत्यक्ष गासिएको र नागरिकको आर्थिक अवस्था तथा सेवाग्राहीहरुलाई एकैस्तरमा राखी दस्तुर निर्धारण हुने भएकोले यस्तो दररेटले आर्थिक एवं सामाजिक रुपमा विपन्न वर्गलाई प्रत्यक्ष असर पार्ने गर्दछ ।

सामान्यतय, कार्य प्रकृतिको आधारमा आय आर्जन हुने र नहुने का लागि गाउँपालिकाले सेवा दस्तुर निर्धारण गर्दा वढी व्यवहारिक हुने हुन्छ । नागरिकका आधारभूत कार्यहरु नागरिकता सिफारिस, प्रमाणित र पञ्जीकरण दर्तालाई सक्दो निःशुल्क र उद्योग संचालन  जस्तो आय आर्जन हुने कार्यहरुका लागि गरिने सिफारिस तथा प्रमाणित दस्तुर तुलनात्मक रुपमा वढी निर्धारण गर्दा राम्रो हुने देखिन्छ । तुलनात्मक रुपमा गाउँपालिकाको सेवा दस्तुरहरु ग्रामीण परिवेशमा अलि अधिक नै निर्धारण भएको देखिन्छ । अर्कोतर्फ सेवा दस्तुर समदरमा निर्धारण भएको छ । हरेक पटकको सेवामा एउटै सेवा दस्तुर वुझाउनुपर्ने, आर्थिक एवं सामाजिक रुपमा विपन्न, पिछडिएका वर्ग र एकै आर्थिक वर्षमा पटक पटक सिफारिस लिनुपर्ने अवस्थातर्फ विशेष व्यवस्था भएको देखिदैन ।

**सम्भावना :**

स्थानीय तहको वित्तीय अधिकार क्षेत्रभित्र रही गाउँपालिकाले सवै क्षेत्रहरुलाई समेट्दै राजस्वको दर निर्धारण गर्ने प्रयास गरेको छ । गाउँपालिकाको आर्थिक ऐन, २०७६ मा प्राय सवै क्षेत्रलाई समावेश गर्ने प्रयास गरिएको छ । कर राजस्व तर्फ सम्पत्ति कर, भूमिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, वहाल विटौरी करको व्यवस्था गरी राजस्व दर निर्धारण गरिएको छ ।

गाउँपालिकामा ४२ वटा सामुदायिक वन संस्था र ७ वटा सहकारी संस्थाहरु संचालनमा छन् र क्रमिक रुपमा अरु संख्यामा संचालन हुनसक्ने सम्भावना पनि वलियो छ । त्यस्ता संघ संस्थाहरुलाई गाउँपालिकाले आफ्नो कर संजालमा ल्याई राजस्व संकलन गर्न सक्ने सम्भावन रहेको छ ।

व्यवसाय करलाई गाउँपालिकाले स्पष्टसंग परिभाषित गर्नुपर्ने र सोही अनुसार राजस्व संकलन भएमा आय वृद्धिमा सहयोग पुग्न सक्ने देखिन्छ । यसलाई व्यवसायको कारोवार, छोटो समयमा आर्जन हुनसक्ने मुनाफा र भौगोलिक अवस्थितिलाई पनि आधार मानी सोही अनुसार करको दररेट निर्धारण भएमा एकातिर राजस्वमा वृद्धि र अर्कोतर्फ उद्योग व्यवसायको प्रवर्द्धनमा सहयोग पुग्न सक्नेछ । सेवा शुल्कको दाँजोमा व्यवसायिक करदर न्यून निर्धारण भएको छ । व्यवसाय संचालन मुलत मुनाफा आर्जनका लागि गरिने र सोवाट आर्जनवाट राजस्व भुक्तानी गरिने भएकोले सोही आधारमा व्यवसाय करदर निर्धारण गर्दा उपयुक्त हुन सक्छ ।

विगतको तुलनामा आर्थिक वर्ष २०७६/७७ वाट गाउँपालिकाले राजस्वको दायरालाई फराकिलो पारेको छ । थप नयाँ क्षेत्रहरुको व्यवस्था गरिएकोछ । यसर्थ पनि गाउँपालिकाको आन्तरिक आयमा अभिवृद्धि हुनसक्ने देखिन्छ । यसका लागि राजस्व प्रशासन प्रभावकारी हुनु आवश्यक छ ।

**सुधारका पक्षहरु :**

राजस्वको दररेट निर्धारणका सम्वन्धमा देहाय वमोजिमका पक्षहरुमा सुधार गर्नुपर्ने देखिएको छ ।

- कर दरको तुलनामा सेवा शुल्क वढी निर्धारण भएको छ । भूमिकर (मालपोत) परम्पारगत शैलीको समदर निर्धारण भएको छ भने सम्पत्ति कर व्यवसायिक क्षेत्रमा रहेको पक्की संरचना र अन्य क्षेत्रमा भएको संरचनाका लागि समान कर दर निर्धारण भएको छ । सामान्य चिया पसलको लागि व्यवसायिक कर रु. २०० निर्धारण भएको छ । त्यसको तुलनामा गाउँपालिकामा सेवाग्राहीले जुनकुनै कामका लागि पनि सेवा शुल्क वापत रु. २०० वुझाउनु पर्ने व्यवस्था छ ।

- सम्पत्ति कर सामान्यत घर वा सोले चर्चेको क्षेत्र (जग्गा) र जग्गाको मूल्यांकनको आधारमा संकलन गर्ने गरिन्छ तर गाउँपालिकाले भूमिकर संकलनकै आधारमा जग्गा वर्गीकरण गरी संकलन गर्ने अभ्यास गरेको

अवस्था छ । यसलाई आगामी आ.व.देखि सम्पत्तिकर व्यवस्थापन कार्यविधि तर्जुमा गरी भौतिक संरचना र जमिनको वर्गिकृत मूल्यको आधारमा मूल्यांकन गरी सोही आधारमा सम्पत्तिकर निर्धारण गरी कर संकलनको व्यवस्था गरिनु आवश्यक छ ।

- व्यवसाय करलाई पूँजीगत लगानी र कारोवारका आधारमा वर्गीकरण गरी सोही आधारमा करदर निर्धारण गर्ने गरिन्छ । गाउँपालिकाको आर्थिक ऐन, २०७६ मा व्यवसाय करको वर्गीकरण व्यवसायको प्रकृति र आकारको आधारमा भएको पाइन्छ । व्यवसायकर संकलन गर्दा व्यवसायको दर्ता वापत दस्तुर र व्यवसायकरको हकमा व्यवसायको कारोवारको आधारमा कर निर्धारण गर्नु आवश्यक छ ।

- सेवा दस्तुरलाई भौगोलिक र नागरिकहरुको आर्थिक क्षमताका आधारमा वर्गीकरण गरी सोही अनुसार दस्तुर निर्धारण गर्दा व्यवहारिक हुने देखिन्छ । यसवाट आर्थिक र सामाजिक रुपमा विपन्न वर्गलाई राहत भई गाउँपालिकावाट प्रवाह हुने सेवा सुविधावाट लाभान्वित हुन सक्नेछन् ।

- सेवा प्रवाहलाई अन्य क्षेत्रसंग जोड्दै सेवा दस्तुर निर्धारण गर्दा नागरिकहरुलाई सेवा दस्तुर भुक्तानी भइरहेको महशुस नहुने वातावरण तयार गर्दा नागरिकमा करको वोझ न्यून रहेको अनुभूति दिन सकिन्छ । जस्तो आर्थिक वर्षको शुरुमै भूमिकर एकमुष्ट भुक्तानी गर्नेहरुलाई सिफारिस तथा प्रमाणित दस्तुर निःशुल्क गर्न सकिन्छ ।

- नागरिकता सिफारिस, पञ्जीकरण दर्ता र निवेदनलाई गाउँपालिकाले निःशुल्क सेवा प्रदान गर्दा गाउँपालिका प्रति नागरिकको मोह वढ्न सक्छ ।

- राजस्व दरलाई प्रगतिशिल कर प्रणाली अपनाउनु श्रेयस्कर हुनेछ ।

- प्रत्येक जग्गा प्लट मूल्याङ्कन गरी सोहीका आधारमा राजस्व दर निर्धारण आफैमा राम्रो विधि भएपनि खर्चिलो हुने हुन्छ । सोको वदलामा जमिनको भूउपयोग (व्यवसायीक, आवसीय, कृषि तथा अन्य) का आधारमा वर्गीकरण गर्दा वढी व्यवहारिक र संकलनमा पनि वृद्धि ल्याउन सकिन्छ ।

- स्थानीय सवारी साधनहरुको संचालन र रुट परमिटवाट पनि राजस्व संकलनमा सहयोग पुग्ने देखिन्छ ।

## ४.४ राजस्व प्रशासन संयन्त्र विश्लेषण : विद्यमान अवस्था, सम्भावना र सुधारका पक्षहरु

**विद्यमान अवस्था :**

गाउँकार्यपालिका (कार्यसम्पादन) नियावली, २०७४ मा व्यवस्था भए अनुसार कार्यपालिकाको समितिहरु गठनका लागि ६ भिन्न क्षेत्रहरु निर्धारण गरिएको छ । बिषयगत रुपमा सुशासन तथा संस्थागत बिकास समिति अन्तर्गत श्रोत पहिचान र श्रोत परिचालन सम्वन्धी जिम्मेवारी दिइएको छ । यसै गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ ले उपाध्यक्षको संयोजकत्वमा स्थानीय राजश्व परामर्श समिति, दफा ६६ अनुसार गाउँपालिकाका अध्यक्षको संयोजकमा गठित श्रोत अनुमान समिति गठन हुने र सोही समितिहरुबाट गाउपालिकाको राजस्वका श्रोतहरु पहिचान गर्ने, श्रोतको सिमान निर्धारण गर्ने व्यवस्था गरिएको छ । त्यसैगरी गाउँ कार्यपालिका (कार्य विभाजन) नियमावली, २०७४ को नियम ३(२) ले कार्यपालिका अन्तर्गत रहने विषयगत शाखा, कार्यालय, उपशाखा तथा इकाईको व्यवस्था गरेको छ । यस अनुसार राजस्व तथा आर्थिक प्रशासन शाखाको व्यवस्था गरिएको छ भने यसै नियमावलीको अनुसूची २ मा राजस्व प्रशासन उपशाखाको कार्यक्षेत्र तोकिएको छ । त्यसैगरी संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट स्थानीय तहहरुका लागि वनाइएको संगठनात्मक संरचनामा राजस्व इकाइ रहने र यस्तो इकाइ प्रशासन, योजना तथा अनुगमन शाखा अन्तर्गत रहने व्यवस्था गरिएको छ ।

गाउँपालिका पार्श्वचित्र, २०७५ अनुसार कर्मचारी विवरण अनुसार कार्यपालिका अन्तर्गत अलगै राजस्व शाखा व्यवस्था गरिएको छैन र राजस्व क्षेत्रका लागि अलगै मानवशक्तिको व्यवस्था गरिएको छैन । गाउँकार्यपालिका अन्तर्गत प्रशासन, प्राविधिक, सूचना तथा प्रविधि, स्वास्थ्य, कृषि, पशुपंक्षी, शिक्षा शाखाहरु छन् र तिनी शाखाहरुमा हाल ४१ जना कर्मचारीहरु विभिन्न शाखा तथा पदहरुमा कार्यरत छन् तापनि राजस्व शाखा वा अधिकृत वा यस्तै प्रकारको

कर्मचारीको व्यवस्था भएको छैन । राजस्व सम्वन्धी सवै कार्यहरु लेखा प्रशासन शाखावाट हुँदै आएको छ । राजस्व तथा श्रोत पहिचान, राजस्व परिचालन, करदर निर्धारण, राजस्व संकलन जस्ता कार्यहरु पनि प्रशासन शाखावाट हुँदै आएवाट राजस्वलाई गाउँपालिकाले गम्भिरतापूर्वक ग्रहणको अभाव देखिएको छ । गाउँपालिकाका अध्यक्षको संयोजकमा श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति गठन भएपनि हालसम्म स्थानीय राजस्व परामर्श समिति गाउँपालिकाका उपाध्यक्षको संयोजकत्वमा गठन भएको पाइदैन । राजस्व सम्वन्धी नीति, कानूनको तर्जुमा, राजस्वका श्रोत, दायरा, दरको विश्लेषण, राजस्वको अनुमान, आन्तरिक आयको विश्लेषण जस्ता कार्यहरु राजस्व प्रशासनवाट गरिनुपर्ने भएपनि राजस्व प्रशासन संयन्त्रको विकास हुन सकिरहेको छैन ।

राजस्व संकलन गर्ने कार्य प्रशासन शाखा अन्तर्गत लेखावाट हुँदै आएको लेखा शाखामा पनि आवश्यक जनशक्तिको व्यवस्था छैन । नवीनतम् प्रविधिको प्रयोग, वडा र मुख्य कार्यालय वीच सूचना प्रविधि संजालवाट जोडिन सकेको छैन । लेखामा कम्प्युटर सफ्टवेयर प्रयोग, त्यसवाट विजक जारी जस्ता कार्यहरु समेत हुनसकेको छैन र कार्यालयकै कार्यकक्षमा आउने सेवाग्राहीहरुवाट मात्रै राजस्व संकलन हुँदै आएको छ । के कति संख्यामा करदाताहरु कर दायरामा छन् के कतिले राजस्व भुक्तान गरे वा गर्न वाँकी छ जस्ता अभिलेख तथा प्रशासनिक कार्यमा आफैमा प्रभावकारी हुनसकेको छैन । यस हिसाववाट हेर्दा गाउँपालिकामा सम्भावित करदाताको संख्या समेत यकिन हुनसकिरहेको छैन ।

**सम्भावना :**

गाउँपालिकाले आवधिक राजस्व सम्वन्धी आवधिक नीति, उद्देश्य, रणनीति एवं कार्यक्रम तर्जुमा भई सोही अनुसार राजस्व प्रशासन प्रभावकारी हुनसक्ने अनुमान गर्न सकिन्छ । यसै आर्थिक वर्ष २०७६/७७ वाट कर क्षेत्रलाई फराकिलो पादै सम्पत्तिकर लगायतको कर, दायरा र कर प्रणाली अवधारणमा परिवर्तन गरिएवाट राजस्व अभिवृद्धिमा सुधार आउन सक्ने देखिन्छ ।

**सुधारका पक्षहरु :**

राजस्व प्रशासनलाई प्रभावकारी वनाउने सन्दर्भमा गाउँपालिकावाट निम्न पक्षहरुको व्यवस्थाका लागि पहल गर्नुपर्ने देखिएको छ ।

- राजस्व प्रशासन सम्बन्धी संस्थागत सुधारका लागि एक अलगै राजश्व उपशाखाको व्यवस्था हुन सकेमा प्रभावकारी ढंगवाट राजस्व प्रशासन संचालन गर्न सकिन्छ । राजस्वका श्रोतहरु पहिचान, दायरा फराकिलो पार्ने, करदर निर्धारणलाई व्यवहारिक वनाउने, मध्यमकालीन तथा अल्पकालीन राजस्व नीति, कार्यक्रमहरु विकास गर्ने, सवै शाखा र सरोकारवालहरुसंगको समन्वयमा नीति कार्यक्रमको कार्यान्वयन गर्ने जस्ता कार्यहरुलाई प्रभावकारी ढंगवाट परिचालन गर्नु आवश्यक छ ।
- स्थानीय राजस्व परामर्श समितिको प्रतिनिधित्व प्रणालीलाई बिस्तार गरी प्रमुख सरोकारवाला निकायहरुलाई समावेस गर्ने र राजश्वका बिबिध पक्षहरुमा नियमित अन्तरक्रिया, समिक्षा गरी प्रभावकारी अनुगमन संयन्त्रको स्थापना गर्ने र आन्तरिक आय परिचालन कार्यविधि वनाई सोहीका आधारमा श्रोत परिचालन भएमा पूँजी निर्माणमा लगानी गरी राजस्व अभिवृद्धि गर्न सकिनेछ ।
- गाउँपालिका आर्थिक ऐन, २०७६ मा नयाँ तथा थप करका क्षेत्रहरु कार्यान्वयनको सन्दर्भमा कर शिक्षा, नागरिकता सचेतना जस्ता कार्यक्रमहरु संचालन गरी नागरिकहरुलाई अभिमुखी गराउनु अत्यावश्यक छ । आवश्यक परेमा मात्र राजस्व तिर्ने करदाताको अभ्यासमा परिवर्तन जरुरी छ ।
- अनुभवी र पर्याप्त जनशक्ति, आइसिटि प्रयोग, अनलाइन सेवाको व्यवस्था गर्दै तथ्याङ्कमा आधारित अभिलेख अद्यावधिकवाट राजस्व प्रशासनलाई चुस्त वनाउन सकिन्छ ।

# परिच्छेद - पाँच
# राजस्व प्रक्षेपण

माथि परिच्छेदहरुमा बिवेचना गरिएका बिकेन्द्रीकरण तथा स्थानीय सरकारको राजस्व अधिकार, राजस्व सुधारका बिषय र क्षेत्रको सैद्धान्तिक पृष्ठभूमी र रामप्रसादराई गाउपालिकाको भौगोलिक अवस्था, राजस्व नीति, राजस्व संभावना र चुनौतिको परिप्रक्ष्यमा परिच्छेद चारमा उल्लेख छ र सो बमोजिमको राजस्व नीति, रणनीति, कार्ययोजना र लगानी हुने अनुमानको आधारमा रामप्रसादराई गाउँपालिकाको लागि आगामी तीन आ.व.२०७७/०७८ देखि २०७९/०८० सम्मको अवधिमा परिचालन हुन सक्ने आन्तरिक तथा वाह्य श्रोतको अनुमान प्रक्षेपण गरिएको छ ।

### ५.१ आय प्रक्षेपण :

आगामी ३ आर्थिक वर्ष २०७७/७८ देखि २०७९/८० सम्मका लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने सन्दर्भमा कूल आय अनुमान गरिएको छ । यस अनुसार आर्थिक वर्ष २०७७/७८ का लागि रु ३२ करोड ४० लाख ५ हजार अनुमान भएको छ । त्यसैगरी आर्थिक वर्ष २०७८/७९ र आर्थिक वर्ष २०७९/८० का लागि रु. ३६ करोड ८७ लाख ३८ हजार र ४२ करोड ४ लाख ६९ हजार क्रमशः अनुमान भएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा क्रमशः १३.८ र १४.० प्रतिशतले वृद्धि हुन सक्ने अनुमान गरिएको छ । आन्तरिक आय तर्फ वार्षिक वृद्धिदर अघिल्लो वर्षको तुलनामा करीव १५.८ र ११.० प्रतिशत रहेको छ भने वाह्य श्रोत तर्फको वृद्धिदर १३.७ र १३.९ प्रतिशत रहेको छ । कूल आयमा वाह्य श्रोतको योगदान अधिक रहेको छ । आर्थिक वर्ष २०७९/८० मा कूल आयमा आन्तरिकको योगदान करीव १.० प्रतिशत हुने र वाह्य श्रोतको करीव ९९.० प्रतिशत हुने अनुमान गरिएको छ । आधार वर्ष २०७६/७७ मा आन्तरिक आयको योगदान करीव ०.७ प्रतिशत रहेको थियो ।

**तालिका नम्वर ११**
**आगामी ३ वर्षका लागि कूल आय अनुमान**

| आय श्रोत | आधार वर्ष २०७६।७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|
| आन्तरिक | २,०४०,६३२ | ३,१३४,५१९ | ३,६३१,१२४ | ४,०३२,२२९ |
| वाह्य | २७३१४७०३१ | ३२०८७१००२ | ३६५१०७०१३ | ४१६४३७०८८ |
| कूल | २७,५१,८७,६६३ | ३२,४०,०५,५२१ | ३६,८७,३८,१३७ | ४२,०४,६९,३१७ |

### ५.२ आगामी ३ वर्षको आन्तरिक आय प्रक्षेपण :

आर्थिक वर्ष २०७७/७८ देखि २०७९/८० तीन वर्षका लागि आन्तरिक आय प्रक्षेपण गरिएको छ । प्रक्षेपण गाउँपालिकाको क्षमता उपयोगका आधारमा अनुमान गरिएको छ । पहिलो वर्ष १० प्रतिशत, दोश्रो वर्ष २० र तेश्रो वर्ष ३० प्रतिशतले क्षमता उपयोग हुने अनुमान गरिएको छ । करीव ६ वर्ष पछि मात्र गाउँपालिकाको क्षमता उपयोग सतप्रतिशतमा हुन सक्ने अनुमान गरिएको छ । यसरी गरिएको प्रक्षेपण अनुसार पहिलो आर्थिक वर्ष २०७७/७८ का लागि रु. ३१ लाख ३४ हजार अनुमान गरिएको छ भने दोश्रो वर्ष अर्थात आर्थिक वर्ष २०७८/७९ का लागि रु. ३६ लाख ३१ हजार र तेश्रो वर्षका लागि रु. ४० लाख ३२ हजार प्रक्षेपण भएको छ । यसरी गरिएको प्रक्षेपण अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०७८/७९ मा १५.८ प्रतिशत र आर्थिक वर्ष २०७९/८० मा ११.० प्रतिशतले वृद्धि हुने अनुमान भएको छ । त्यसैगरी कर राजस्व तर्फ आर्थिक वर्ष २०७७/७८ का लागि रु १२ लाख ३ हजार अनुमान भएको छ भने आर्थिक वर्ष २०७८/७९ र २०७९/८० का लागि क्रमशः रु १४ लाख २३ हजार र १६ लाख ४० हजार अनुमान गरिएको छ । अघिल्लो वर्षको तुलनामा आर्थिक वर्ष २०७८/७९ मा १८.३ र आर्थिक वर्ष २०७९/८० मा १५.३ प्रतिशतले कर राजस्व वृद्धि हुने अनुमान भएको छ । यसरी कर राजस्वको हिस्सा कूल आन्तरिक आयमा क्रमशः ३८.४, ३९.२ र ४०.७ प्रतिशत रहने छ । यसैप्रकार अन्य वर्षहरुमा कर राजस्वको योगदान कूल राजस्वमा वृद्धि हुँदै जाने अनुमान गरिएको छ । यस सम्वन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख भएको छ ।

| तालिका नम्वर : १२<br>गाउँपालिकाको ३ वर्षीय आन्तरिक आय प्रक्षेपण | | | | | |
|---|---|---|---|---|---|
| क्रसं. | विवरण | आधार वर्ष २०७६।७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| क | **कर राजस्व** | | १०% | २० % | ३० % |
| १ | सम्पत्ति कर | ९५४,८१० | ९८५,११५ | १,१८२,१३८ | १,३७९,१६१ |
| २ | व्यवसाय कर | - | ३०,००० | ३६,००० | ३९,००० |
| ३ | घरजग्गा रजिष्ट्रेशन | १७०,९९६ | १८८,०९६ | २०५,१९५ | २२२,२९५ |
| ४ | **जम्मा कर राजस्व** | **१,१२५,८०६** | **१,२०३,२१०** | **१,४२३,३३३** | **१,६४०,४५५** |
| ५ | **गैर कर राजस्व** | | | | |
| | निकासी शुल्क : कृषि उत्पादन विक्री, वन पैदावर | - | ३००,००० | ३६०,००० | ३९०,००० |
| ख | दहत्तर वहत्तरको विक्री | - | १००,००० | १२०,००० | १३०,००० |
| ६ | व्यवसाय रजिस्ट्रेशन, नवीकरण तथा अनुमति | ३०,००० | ३३,००० | ३६,००० | ३९,००० |
| ७ | प्राकृतिक श्रोत विक्री : ढुङ्गा, वालुवा, गिट्टी | - | ५००,००० | ६००,००० | ६५०,००० |
| ८ | नक्सापास दस्तुर | - | १०,००० | १२,००० | १३,००० |
| ९ | सिफारिस, प्रमाणित एवं सेवा शुल्क | ७०१,२२६ | ७७१,३४९ | ८४१,४७१ | ९११,५९४ |
| १० | अन्य दस्तुर | १८३,६०० | २०१,९६० | २२०,३२० | २३८,६८० |
| ११ | दण्ड जरिवाना | - | १५,००० | १८,००० | १९,५०० |
| १२ | **जम्मा गैर कर राजस्व** | **९१४,८२६** | **१,९३१,३०९** | **२,२०७,७९१** | **२,३९१,७७४** |
| १३ | **कूल राजस्व** | **२०,४०,६३२** | **३१,३४,५१९** | **३६,३१,१२४** | **४०,३२,२२९** |

### ५.३ आगामी ३ वर्षको वाह्य आय प्रक्षेपण :

आर्थिक वर्ष २०७७/७८ देखि २०७९/८० का लागि गाउँपालिकाको वाह्य श्रोतको प्रक्षेपण गरिएको छ। यस अनुसार आर्थिक वर्ष २०७७/७८ का लागि रु. ३२ करोड ८ लाख ७१ हजार अनुमान भएको छ भने आर्थिक वर्ष २०७८/७९ र आर्थिक वर्ष २०७९/८० का लागि क्रमशः ३६ करोड ५१ लाख ७ हजार र ४१ करोड ६४ लाख ३७ हजार अनुमान भएको छ। अघिल्लो वर्षको तुलनामा उपरोक्त आर्थिक वर्षहरुमा क्रमशः १३.७ र १३.९ प्रतिशतले वृद्धि हुन सक्ने अनुमान भएको छ। प्रदेश सरकारवाट प्राप्त हुने अनुदान भन्दा संघवाट प्राप्त हुने अनुदानको अंश अधिक रहेको छ। यस्तो अनुदान आर्थिक वर्ष २०७९/८० मा करीव ९३ प्रतिशत र वाँकी अनुदान प्रदेश सरकारको हुनेछ। त्यसैगरी आर्थिक वर्ष २०७८/७९ का लागि संघको अनुदान कूल अनुदानको करीव ९३.८ प्रतिशत र आर्थिक वर्ष २०७७/७८ का लागि ९३.५ प्रतिशत हुनेछ भने वाँकी प्रतिशत प्रदेश सरकारवाट अनुदान प्राप्त हुनेछ। यसरी संघ र प्रदेश सरकारवाट प्राप्त हुने अनुदान हरेक वर्ष अघिल्लो वर्षको तुलनामा वृद्धि हुन सक्ने आँकलन गरिएको छ। यस सम्वन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

| तालिका नम्वर १३<br>गाउँपालिकाको ३ वर्षीय वाह्य श्रोत प्रक्षेपण | | | | |
|---|---|---|---|---|
| श्रोतहरु | २०७६/७७<br>आधार वर्ष | अनुमानित आय रु | | |
| | | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| वित्तीय समानीकरण : संघ | ७६,३००,००० | ८३,९३०,००० | ९२,३२३,००० | १०१,५५५,३०० |
| वित्तीय समानीकरण : प्रदेश | ३,३१९,००० | ३,४८४,९५० | ३,६५९,१९८ | ३,८४२,१५७ |
| सशर्त अनुदान : संघ | ११४,६१२,००० | १३७,५३४,४०० | १६५,०४१,२८० | १९८,०४९,५३६ |
| सशर्त अनुदान : प्रदेश | १३,५००,००० | १४,८५०,००० | १६,३३५,००० | १७,९६८,५०० |

| | | | | |
|---|---|---|---|---|
| राजस्व वाँडफाड : संघ | ४७,६९६,३८८ | ५२,४६६,०२७ | ५७,७१२,६२९ | ६३,४८३,८९२ |
| राजस्व वाँडफाड : प्रदेश | २,४०४,४८४ | २,५२४,७०८ | २,६५०,९४४ | २,७८३,४९१ |
| समपुरक अनुदान : विषयगत कार्यालयहरु | १५,३१५,१५९ | १६,०८०,९१७ | १६,८८४,९६३ | १७,७२९,२११ |
| विशेष अनुदान | - | १०,०००,००० | १०,५००,००० | ११,०२५,००० |
| जम्मा वाह्य श्रोत | **२७३,१४७,०३१** | **३२०,८७१,००२** | **३६५,१०७,०१३** | **४१६,४३७,०८८** |

# परिच्छेद - छ :
# राजस्व सुधार योजना

### ६.१ कर राजस्व सुधार योजना : उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना
यस अन्तर्गत भूमिकर, सम्पत्तिकर, सवारी कर, घर वहाल कर, व्यवसाय कर र जडीवुटी, कवाडी तथा जीवजन्तु कर रहेको छ । उपरोक्त करहरुको सुधारका लागि गाउँपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

**क) उद्देश्य :**
स्थानीय तहको वित्तीय अधिकार क्षेत्रभित्रका करका श्रोतहरु पहिचान, दायरा विस्तार र नागरिकहरुलाई कर संजालमा आवद्ध गरी कर संकलनमा प्रभावकारीता ल्याई संकलित रकमलाई पूँजी वृद्धि क्षेत्रमा लगानी गर्दै कर राजस्वलाई गाउँपालिकाको दिगो, भरपर्दो र मुख्य आय श्रोतको रुपमा स्थापित गर्ने ।

**ख) रणनीति तथा कार्यक्रम :**

- **कर राजस्वको प्रभावकारी परिचालनका लागि ऐन, नियम तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।**
  - गाउँपालिकाको आर्थिक ऐनलाई व्यवहारिक र समयसापेक्षा वनाउन हरेक आर्थिक वर्ष अध्ययनका आधारमा गाउँपालिका आर्थिक ऐन संशोधन, परिमार्जन गर्ने ।
  - भूमिकर, सम्पत्तिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, जडीवुटी कवाडी तथा जीवजन्तु कर संचालनका लागि अलग अलग कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
  - गाउँपालिका भित्र नियमित रुपमा संचालन हुने उद्योग, व्यापार व्यवसायको अनिवार्य दर्ता र इजाजत लिनुपर्ने पक्षलाई मापदण्ड वनाई कार्यान्वयनमा ल्याउने ।
  - ट्याक्टर (वालुवा, ईटा, गिट्टी, माटो संकलनका लागि) लगायत स्थानीय सवारी साधन (टाँगा, रिक्सा, आटो/ई-रिक्सा), नियमित संचालन हुने सवारी साधनलाई इजाजत लिनुपर्ने व्यवस्था गर्ने ।

- **कर तिर्ने अभ्यासका लागि नागरिकलाई प्रोत्साहित गर्ने ।**
  - कर शिक्षा, सचेतना कार्यक्रम संचालन गर्ने ।
  - आर्थिक वर्षको शुरुमा एकमुष्ट कर भुक्तानीमा करछुट दिने ।
  - करदाताहरुको स्तर निर्धारण गरी ठूला करदाताहरुलाई सार्वजनिक कार्यक्रम मार्फत सम्मान गर्ने ।
  - ठूला करदाताहरुलाई गाउँपालिकाको सिफारिस एवं प्रमाणीकरण दस्तुर एक निश्चित अवधिका लागि छुट दिने ।
  - कर नतिर्ने, निर्धारित अवधिभित्र कर तिर्ने ढिलाई गर्ने करदातालाई दण्ड सजाय गर्ने ।
  - वडा एवं समुदाय स्तरमा कर शिक्षा जनचेतना प्रचार सामाग्रीहरु वितरण र कार्यक्रम संचालन गर्ने ।

- **राजस्व सम्वन्धी तथ्याङ्क अभिलेखन र अद्यावधिक गर्ने ।**
  - करदाता पहिचानका लागि घरधुरी सर्भेक्षण एवं तथ्याङ्क संकलन गर्ने ।
  - भूमिकर, सम्पत्तिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी साधन कर, जडीवुटी कवाडी एवं जीवजन्तु करका करदाताहरुको अभिलेख अलग अलग र विस्तृत विवरण तयार पार्ने र लगत नियमित अद्यावधिक गर्ने ।
  - घर नम्वरिङ्ग गर्दै करदाताहरुलाई करदाता परिचय पत्र वितरण गर्ने ।
  - गाउँपालिका भित्र संचालनमा रहेका उद्योग, व्यापार व्यवसाय, घरजग्गा वहाल विवरण संकलन गरी लगत अद्यावधिक गर्ने ।
  - गाउँपालिका भित्र नियमित संचालित स्थानीय सवारी साधन (टाँगा, रिक्सा, ओटो तथा ई रिक्सा) लाई नम्वरिङ गर्ने सोको अभिलेख राख्ने ।
  - राजस्व शाखामा तथ्याङ्कहरु कम्प्युटर प्रणाली आइसिटिको प्रयोगमा ल्याउने । यसका लागि इण्टरनेट सुविधा उपलव्ध गराउने ।

- **कर संकलन प्रक्रियालाई सरल, सहज र पारदर्शि वनाउने ।**
  - गाउँकार्यपालिका र वडा कार्यालय वीच कम्प्युटर संजाल स्थापित गरी वडा कार्यालयवाट कर संकलन सेवा सुविधा प्रदान गर्ने ।
  - राजस्व संकलनमा वैकिङ् प्रणाली अवलम्वन गर्ने ।
  - कर विवरण पेश लगायत राजस्व सम्वन्धी कार्य लागि अनलाइन सुविधा प्रदान गर्ने ।
  - संकलित राजस्व विवरण गाउँकार्यपालिकाको वेवसाइट मार्फत सार्वजनीकरण गर्ने ।

- **करको दररेट निर्धारणलाई व्यवहारिक, वैज्ञानिक र समयसापेक्षा वनाउने ।**
  - राजस्व संकलनमा प्रगतिशिल करदर प्रणाली लागु गर्ने ।
  - कर वृद्धिका लागि नयाँ क्षेत्रहरु पहिचान गर्ने र करको दररेटलाई सक्दो न्यून वनाउने र दायरा फराकिलो पार्ने
  - भूउपयोग, जग्गाको उपयोगता र मूल्यको आधारमा भूमि वर्गीकरण एवं रेखाङ्कन गर्ने र सोका आधारमा भूमिकर दर निर्धारण गर्ने ।
  - जग्गा तथा घरको भौगोलिक अवस्थिति, संरचनाको किसिमको आधारमा सम्पत्तिकर निर्धारण गर्ने ।
  - व्यवसायको प्रकृति, स्तर, व्यवसाय संचालन क्षेत्र, कारोवारको आधारमा वर्गीकरण गरी सोको आधारमा करको दररेट निर्धारण गर्ने ।
  - जडीवुटी, कवाडी तथा जीवजन्तुको हाड सिङ आदिको उपलव्धता, व्यवसायिक उपयोगिता, मूल्य श्रृङ्खला चक्र र वजार मूल्यका आधारमा करदर निर्धारण गर्ने ।
  - करको दररेट निर्धारणका लागि स्थानीय समाजसेवी, वुद्धिजिवी, राजनीतिक दल, सरोकारवाला, संघ संस्था तथा करदाताको राय सुझाव प्रतिक्रियाका आधारमा तय गर्ने ।

- **संकलित राजस्वलाई पूँजी वृद्धि हुने क्षेत्रमा लगानी गर्ने ।**
  - संकलित राजस्वलाई आय वृद्धि हुने क्षेत्र वारे अध्ययन, अनुसन्धानवाट पहिचान गर्ने र सो क्षेत्रमा लगानी गर्ने ।
  - निजी क्षेत्रसंगको सहकार्यमा व्यापारिक कम्प्लेक्स, सभाहल, हाटवजार, उद्यान पार्क, वसपार्क, प्राविधिक शिक्षालय, अस्पताल, संकलन केन्द्र, गोदाम घर, पर्यटकीय स्थलमा अत्यावश्यक भौतिक पूर्वाधार, सार्वजनिक शौचालय निर्माणमा लगानी गर्ने ।
  - वडा कार्यालयहरु वहुउद्देश्यीय उपयोगका लागि निर्माण गरी सेवाग्राहीहरुका अत्यावश्यक सेवाहरु उपलव्ध गर्ने ।
  - कृषि र वन पैदावरका क्षेत्रमा उद्यमशिलता एवं व्यवसायिकता विकास गर्ने सम्वन्धी कार्यक्रमहरु संचालन गरी उद्योग व्यवसायहरुको स्थापनामा सहयोग गर्ने ।

**ग) कार्ययोजना :**

गाउँपालिकाको आगामी ३ वर्षीय (आर्थिक वर्ष २०७७/७८-२०७९/८०) कार्यक्रम देहाय वमोजिम रहेको छ ।

**तालिका नम्वर १४**
**कर राजस्व सुधार कार्ययोजना**

| क्रसं | कार्यक्रम | समयावधि | | | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | |
| १. | गाउँपालिकाको आर्थिक ऐनलाई व्यवहारिक र समयसापेक्षा वनाउन हरेक आर्थिक वर्ष अध्ययनका आधारमा गाउँपालिका आर्थिक ऐन संशोधन गर्ने | ✓ | ✓ | ✓ | गाउँकार्यपालिका र राजस्व परामर्श समिति |
| २. | भूमिकर (मालपोत), सम्पत्तिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, जडीवुटी कवाडी तथा जीवजन्तु कर संचालनका लागि अलग अलग कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने | ✓ | ✓ | ✓ | गाउँकार्यपालिका, राजस्व परामर्श समिति र राजस्व शाखा |
| ३. | गाउँपालिका भित्र नियमित रुपमा संचालन हुने उद्योग, व्यापार व्यवसायको अनिवार्य दर्ता र इजाजत लिनुपर्ने पक्षलाई मापदण्ड | ✓ | ✓ | ✓ | गाउँकार्यपालिका र राजस्व शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| | वनाई कार्यान्वयनमा ल्याउने | | | | |
| ४. | ट्याक्टर (वालुवा, ईटा, गिट्टी, माटो संकलनका लागि) लगायत स्थानीय सवारी साधन (टाँगा, रिक्सा, आटो/ई-रिक्सा), नियमित संचालन हुने सवारी साधनलाई इजाजत लिनुपर्ने व्यवस्था गर्ने | ✓ | ✓ | ✓ | राजस्व शाखा |
| ५. | कर शिक्षा, सचेतना कार्यक्रम संचालन गर्ने | ✓ | ✓ | | राजस्व शाखा |
| ६. | आर्थिक वर्षको शुरुमा एकमुष्ट कर भुक्तानीमा करछुट दिने | ✓ | ✓ | ✓ | राजस्व शाखा |
| ७. | करदाताहरुको स्तर निर्धारण गरी ठूला करदाताहरुलाई सार्वजनिक कार्यक्रम मार्फत सम्मान गर्ने | ✓ | ✓ | ✓ | गाउँकार्यपालिका |
| ८. | ठूला करदाताहरुलाई गाउँपालिकाको सिफारिस एवं प्रमाणीकरण दस्तुर एक निश्चित अवधिका लागि छुट दिने | ✓ | ✓ | ✓ | राजस्व शाखा |
| ९. | कर नतिर्ने, निर्धारित अवधिभित्र कर तिर्ने ढिलाई गर्ने करदातालाई दण्ड सजाय गर्ने | ✓ | ✓ | ✓ | गाउँकार्यपालिका |
| १०. | वडा एवं सामुदाय स्तरमा कर शिक्षा जनचेतना प्रचार सामाग्रीहरु वितरण र कार्यक्रम संचालन गर्ने | ✓ | ✓ | | राजस्व शाखा |
| ११. | करदाता पहिचानका लागि घरधुरी सर्भेक्षण एवं तथ्याङ्क संकलन गर्ने | ✓ | ✓ | | राजस्व शाखा |
| १२. | भूमिकर, सम्पत्तिकर, घरजग्गा वहाल कर, व्यवसाय कर, सवारी साधन कर, जडीवुटी कवाडी एवं जीवजन्तु करका करदाताहरुको अभिलेख अलग अलग र विस्तृत विवरण तयार पार्ने र लगत नियमित रुपमा अद्यावधिक गर्ने | ✓ | ✓ | ✓ | राजस्व शाखा |
| १३. | गाउँपालिका भित्र संचालनमा रहेका उद्योग, व्यापार व्यवसाय, घरजग्गा वहाल विवरण संकलन गरी लगत अद्यावधिक गर्ने | ✓ | ✓ | ✓ | राजस्व शाखा |
| १४. | घर नम्वरिङ्ग गर्दै करदाताहरुलाई करदाता परिचय पत्र वितरण गर्ने | | ✓ | ✓ | राजस्व शाखा |
| १५. | तथ्याङ्कहरु कम्प्युटर प्रणाली आइसिटिको प्रयोगमा ल्याउने र राजस्व शाखामा इण्टरनेट सुविधा उपलब्ध गर्ने | ✓ | ✓ | ✓ | गाउँकार्यपालिका |
| १६. | घरजग्गा वहाल विवरण संकलन गरी लगत अद्यावधिक गर्ने | ✓ | ✓ | ✓ | राजस्व शाखा |
| १७. | गाउँपालिका भित्र नियमित संचालित स्थानीय सवारी साधन (टाँगा, रिक्सा, ओटो तथा ई रिक्सा) लाई नम्वरिङ गर्ने सोको अभिलेख राख्ने | | | ✓ | राजस्व शाखा |
| १८. | गाउँकार्यपालिका र वडा कार्यालय वीच कम्प्युटर संजाल स्थापित गरी वडा कार्यालयवाट कर संकलन सेवा सुविधा प्रदान गर्ने | ✓ | ✓ | ✓ | राजस्व शाखा र वडा कार्यपालिका |
| १९. | राजस्व संकलनमा वैकिङ् प्रणाली अवलम्वन गर्ने | ✓ | ✓ | ✓ | राजस्व शाखा |
| २०. | कर विवरण पेश सहित राजस्व सम्वन्धी कार्य लागि अनलाइन सुविधा प्रदान गर्ने | ✓ | ✓ | ✓ | राजस्व शाखा |
| २१. | संकलित राजस्व विवरण गाउँकार्यपालिकाको वेवसाइट मार्फत सार्वजनिक गर्ने | ✓ | ✓ | ✓ | राजस्व शाखा |
| २२. | राजस्व संकलनमा प्रगतिशिल करदर प्रणाली लागु गर्ने | ✓ | | | राजस्व परामर्श समिति र राजस्व शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| २३. | कर वृद्धिका लागि नयाँ क्षेत्रहरु पहिचान गर्ने र करको दररेटलाई न्यून र दायरा फराकिलो पार्ने | ✓ | | | राजस्व परामर्श समिति र राजस्व शाखा |
| २४. | भूउपयोग, जग्गाको उपयोगता र मूल्यको आधारमा भूमि वर्गीकरण एवं रेखाङ्कन गर्ने र सोका आधारमा भूमिकर दर निर्धारण गर्ने | ✓ | ✓ | | गाउँकार्यपालिका, राजस्व परामर्श समिति |
| २५. | जग्गा तथा घरको भौगोलिक अवस्थिति, संरचनाको किसिमको आधारमा सम्पत्तिकर निर्धारण गर्ने | ✓ | | | गाउँकार्यपालिका, राजस्व परामर्श समिति |
| २६. | व्यवसायको प्रकृति, स्तर, व्यवसाय संचालन क्षेत्र, कारोवारको आधारमा वर्गीकरण गरी सोको आधारमा करको दररेट निर्धारण गर्ने | ✓ | | | गाउँकार्यपालिका, राजस्व परामर्श समिति |
| २७. | जडीवुटी, कवाडी तथा जीवजन्तुको हाड सिङ आदिको उपलव्धता, व्यवसायिक उपयोगिता, मूल्य श्रृङ्खला चक्र र वजार मूल्यका आधारमा करदर निर्धारण गर्ने | ✓ | | | गाउँकार्यपालिका, राजस्व परामर्श समिति |
| २८. | करको दररेट निर्धारणका लागि स्थानीय समाजसेवी, वुद्धिजिवी, राजनीतिक दल, सरोकारवाला, संघ संस्था तथा करदाताको राय सुझाव प्रतिक्रियाका आधारमा तय गर्ने | ✓ | ✓ | ✓ | गाउँकार्यपालिका, राजस्व परामर्श समिति |
| २९. | संकलित राजस्वलाई आय वृद्धि हुने क्षेत्र वारे अध्ययन, अनुसन्धानवाट पहिचान गर्ने र सो क्षेत्रमा लगानी गर्ने | ✓ | ✓ | ✓ | गाउँकार्यपालिका, राजस्व परामर्श समिति |
| ३०. | निजी क्षेत्रसंगको सहकार्यमा व्यापारिक कम्प्लेक्स, सभाहल, हाटवजार, उद्यान पार्क, वसपार्क, प्राविधिक शिक्षालय, अस्पताल, संकलन केन्द्र, गोदाम घर, पर्यटकीय स्थलमा अत्यावश्यक भौतिक पूर्वाधार, सार्वजनिक शौचालय निर्माणमा लगानी गर्ने | | | ✓ | गाउँकार्यपालिका, राजस्व परामर्श समिति |
| ३१. | वडा कार्यालयहरु वहुउद्देश्यीय उपयोगका लागि निर्माण गरी सेवाग्राहीहरुका अत्यावश्यक सेवाहरु उपलव्ध गर्ने | | | ✓ | गाउँकार्यपालिका, राजस्व परामर्श समिति |
| ३२. | कृषि र वन पैदावरका क्षेत्रमा उद्यमशिलता एवं व्यवसायिकता विकास गर्ने सम्वन्धी कार्यक्रमहरु संचालन गरी उद्योग व्यवसायको स्थापनामा सहयोग गर्ने | ✓ | ✓ | ✓ | गाउँकार्यपालिका, राजस्व परामर्श समिति |

## ६.२ गैर कर राजस्व सुधार कार्ययोजना : उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना

यस अन्तर्गत गाउँपालिकावाट गरिने सिफारिस, प्रमाणीकरण, र संघ संस्थाहरुको दर्ता, इजाजत, अनुमति, नवीकरण, अचल सम्पत्तिको मूल्याङ्कन जस्ता सेवा सुविधाहरु उपलब्ध गराए वापतको शुल्क, दस्तुर एवं प्राकृतिक श्रोतको विक्रीहरु रहेका छन् । उपरोक्त गैर करहरुको सुधारका लागि गाउँपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

**क) उद्देश्य :**

स्थानीय तहको अधिकार क्षेत्रभित्रका गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान, विस्तार गरी नागरिकहरुलाई प्रभावकारी, गुणस्तरीय सेवा सुविधाहरु न्यूनतम शुल्क तथा दस्तुरमा उपलव्ध गराई गाउँपालिकाको आन्तरिक आयमा वृद्धि ल्याउने ।

**ख) रणनीति तथा कार्यक्रम**

- **गैरकर राजस्व परिचालनका लागि ऐन, नियम, कार्यविधि तर्जुमा गर्ने**
  - प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा आदिको उपयोग सम्वन्धी निश्चित मापदण्ड निर्धारण गर्दै कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।

- स्थानीय व्यवसायिक तथा गैर सरकारी एवं सामुदायिक संघ संस्थाहरुको दर्ता, नवीकरण, अनुमति, इजाजत सम्वन्धी कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याउने ।
- सरकारी एवं ऐलानी जग्गा उपयोग सम्वन्धी कार्यविधि तर्जुमा गर्ने ।
- स्थानीय पर्यटक क्षेत्र प्रवर्द्धन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि कार्यान्वयनमा ल्याउने ।
- गाउँपालिका भवन निर्माण मापदण्ड सहित नियमावली तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।

**गैरकर राजस्वका आधार क्षेत्रहरु पहिचान एवं विस्तार गर्ने**

- राजस्वका आधार क्षेत्र पहिचान तथा विस्तारका लागि अध्ययन अनुसन्धान गर्ने
- गाउँपालिका क्षेत्रभित्रको प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (आइइ) गर्ने । सोका आधारमा ठेक्का प्रक्रियाद्धारा ढुङ्गा, गिट्टी, वालुवा संकलन एवं विक्री गर्दै नियमित रुपमा सो कार्यको अनुगमन गर्ने ।
- स्थानीय व्यवसायिक, गैरसरकारी एवं सामुदायिक संघ संस्थाहरु संचालन अघि अनिवार्य रुपमा अनुमति तथा इजाजत लिनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउने ।
- स्थानीय पर्यटकीय क्षेत्रहरु पहिचान, अत्यावश्यक पूर्वाधार एवं सेवा सुविधाको व्यवस्था गरी आन्तरिक एवं वाह्य पर्यटकहरुको प्रवेशमा न्यूनतम शुल्क निर्धारण गर्ने ।
- शहरीकरण संगसंगै निजीक्षेत्रसंगको सहकार्यमा फोहरमैला व्यवस्थित गर्न ठेक्का प्रक्रिया अवलम्वन गर्ने ।

**सेवा शुल्क, दस्तुर एवं महसुललाई समयसापेक्षा र नागरिकमैत्री वनाउने**

- सेवा सुविधाहरुको शुल्क, दस्तुर न्यूनतम निर्धारण गर्ने र परिमार्जन गर्दै लैजाने ।
- स्थानीय व्यवसायिक, गैर सरकारी तथा सामुदायिक संघ संस्थाका लागि दर्ता शुल्क, नवीकरण, अनुमति एवं इजाजत शुल्क, दस्तुर अलग अलग निर्धारण गर्ने ।
- भौगोलिक अवस्थिति र आर्थिक सामाजिक रुपमा अति विपन्न तथा लक्षित वर्गका आधारमा सेवा शुल्क, दस्तुरहरुमा छूट व्यवस्था गर्ने ।
- एकै प्रकृतिको कार्य नियमित रुपमा सेवा लिनुपर्ने करदाताहरुको पहिचान गरी आवश्यक नियम वनाई सेवा शुल्क तथा दस्तुरमा छूटको व्यवस्था गर्ने ।

**ग) कार्ययोजना :**

गाउँपालिकाको आगामी ३ वर्षीय (आर्थिक वर्ष २०७७/७८-२०७९/८०) कार्यक्रम देहाय वमोजिम रहेको छ ।

**तालिका नम्वर १५**
**गैरकर राजस्व सुधार कार्ययोजना**

| क्रसं | कार्यक्रम | समयावधि | | | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | |
| १. | प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा आदिको उपयोग सम्वन्धी निश्चित मापदण्ड निर्धारण गर्दै कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने | ✓ | ✓ | | गाउँकार्यपालिका, राजस्व परामर्श समिति राजस्व शाखा |
| २. | स्थानीय व्यवसायिक तथा गैर सरकारी एवं सामुदायिक संघ संस्थाहरुको दर्ता, नवीकरण, अनुमति, इजाजत सम्वन्धी कार्यविधि तयार पारी कार्यान्वयनमा ल्याउने | ✓ | | | राजस्व परामर्श समिति र राजस्व शाखा |
| ३. | सरकारी एवं ऐलानी जग्गा उपयोग सम्वन्धी कार्यविधि तर्जुमा गर्ने | ✓ | ✓ | | गाउँकार्यपालिका |
| ४. | स्थानीय पर्यटक क्षेत्र प्रवर्द्धन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि कार्यान्वयनमा ल्याउने | ✓ | | | राजस्व शाखा |
| ५. | गाउँपालिका भवन निर्माण मापदण्ड सहित नियमावली तर्जुमा गरी | ✓ | | | राजस्व परामर्श |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यान्वयनमा ल्याउने | | | | समिति र राजस्व शाखा |
| ६. | राजस्वका आधार क्षेत्र पहिचान तथा विस्तारका लागि अध्ययन अनुसन्धान गर्ने | ✓ | ✓ | | राजस्व शाखा |
| ७. | गाउँपालिका क्षेत्रभित्रको प्राकृतिक श्रोतहरु ढुङ्गा, गिट्टी, वालुवा संकलनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (आइइ) गर्ने । सोका आधारमा ठेक्का प्रक्रियाद्धारा ढुङ्गा, गिट्टी, वालुवा संकलन एवं विक्री गर्दै नियमित रुपमा सो कार्यको अनुगमन गर्ने | ✓ | ✓ | ✓ | गाउँकार्यपालिका, राजस्व परामर्श समिति र राजस्व शाखा |
| ८. | स्थानीय व्यवसायिक, गैरसरकारी एवं सामुदायिक संघ संस्थाहरु संचालन अघि अनिवार्य रुपमा अनुमति तथा इजाजत लिनुपर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउने | ✓ | ✓ | | राजस्व शाखा |
| ९. | स्थानीय पर्यटकीय क्षेत्रहरु पहिचान, अत्यावश्यक पूर्वाधार एवं सेवा सुविधाको व्यवस्था गरी आन्तरिक एवं वाह्य पर्यटकहरुको प्रवेशमा न्यूनतम शुल्क निर्धारण गर्ने | ✓ | ✓ | ✓ | गाउँकार्यपालिका र राजस्व शाखा |
| १०. | शहरीकरण संगसंगै निजीक्षेत्रसंगको सहकार्यमा फोहरमैला व्यवस्थित गर्न ठेक्का प्रक्रिया अवलम्वन गर्ने | ✓ | ✓ | ✓ | राजस्व परामर्श समिति र राजस्व शाखा |
| ११. | सेवा सुविधाहरुको शुल्क, दस्तुर न्यूनतम निर्धारण गर्ने र परिमार्जन गर्दै लैजाने | ✓ | ✓ | | राजस्व परामर्श समिति |
| १२. | स्थानीय व्यवसायिक, गैर सरकारी तथा सामुदायिक संघ संस्थाका लागि दर्ता शुल्क, नवीकरण, अनुमति एवं इजाजत शुल्क, दस्तुर अलग अलग निर्धारण गर्ने | ✓ | | | राजस्व परामर्श समिति |
| १३. | भौगोलिक अवस्थिति र आर्थिक सामाजिक रुपमा अति विपन्न तथा लक्षित वर्गका आधारमा सेवा शुल्क, दस्तुरहरुमा छूट व्यवस्था गर्ने | ✓ | ✓ | ✓ | गाउँकार्यपालिका र राजस्व शाखा |
| १४. | एकै प्रकृतिको कार्य नियमित रुपमा सेवा लिनुपर्ने करदाताहरुको पहिचान गरी आवश्यक नियम वनाई सेवा शुल्क तथा दस्तुरमा छूटको व्यवस्था गर्ने | ✓ | ✓ | ✓ | गाउँकार्यपालिका र राजस्व शाखा |

## ६.३ राजस्व प्रशासन सुधार कार्ययोजना : उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना

यस अन्तर्गत गाउँपालिकाको राजस्व नीति, कार्यक्रम, संगठनात्मक संरचना, प्रशासनिक संयन्त्र, जनशक्ति विकास तथा व्यवस्था एवं प्रविधिको प्रयोग जस्ता पक्षहरु रहेका छन् । उपरोक्त कार्यका लागि गाउँपालिकाले देहाय वमोजिम उद्देश्य, रणनीति, कार्यक्रम तथा कार्ययोजना तर्जुमा गरेको छ ।

**क) उद्देश्य :**

गाउँपालिकाको राजस्व प्रशासनलाई सक्षम, सवल, प्रभावकारी, पारदर्शि एवं प्रविधियुक्त वनाउने ।

**ख) रणनीति तथा कार्यक्रम**

- गाउँपालिकाको राजस्व सम्वन्धी ५ वर्षे लक्ष्य सहित नीति कार्यक्रम तय गर्ने
  - राजस्व सुधार एवं परिचालनका लागि गाउँपालिकाको राजस्व सम्वन्धी ५ वर्षे लक्ष्य सहित मध्यमकालीन नीति तथा कार्यक्रम तर्जुमा गर्ने ।
  - मध्यमकालीन नीतिका आधारमा वार्षिक कार्यक्रम तयार पारी कार्यान्वयनमा ल्याउने ।

- **राजस्व परिचालनका लागि राजस्व प्रशासन छरितो, प्रभावकारी र पारदर्शि वनाउने**

- प्रमुख प्रशासकीय अधिकृतलाई सिधै रिपोटिङ् गर्ने गरी कार्यपालिका अन्तर्गत राजस्व शाखा स्थापना गर्ने । शाखामा शाखा अधिकृत, प्राविधिक कर्मचारी (आइटी) सहित आवश्यक कर्मचारी गाउँकार्यपालिका व्यवस्था गर्ने ।
- वडा कार्यालयवाट राजस्व संकलन गर्ने अलगै इकाइ स्थापना गरी आवश्यक कर्मचारीको व्यवस्था मिलाउने ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार राजस्व परामर्श समिति गठन गर्ने ।
- नागरिकहरुको अचल सम्पत्ति मूल्याङ्कनका लागि सम्पत्ति मूल्याङ्कन समिति गठन गर्ने ।
- गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास तालिम संचालन गर्ने ।
- राजस्व प्रशासनका विधि प्रक्रिया, ऐन, नियम तथा कार्यविधि एवं नीति कार्यक्रम वारे जनप्रतिनिधि एवं करदाताहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गर्ने ।
- सम्भावित करदाता, स्थानीय समुदायलाई कर सम्वन्धी कर शिक्षा, सचेतना कार्यक्रम संचालन गर्ने ।
- गाउँपालिकाको आय व्यय विवरण अद्यावधिक गर्दै वेवसाइडमा अपलोड गर्ने ।
- भूमिकर, सम्पत्तिकर, व्यवसाय कर लगायतका करहरु संकलनका लागि एकद्धार कर संकलन प्रणाली अवलम्वन गर्ने ।

**राजस्व प्रशासनलाई प्रविधियुक्त वनाउने**

- राजस्व शाखा एवं वडा कार्यालयमा समेत कम्प्युटर प्रणाली आइसिटि प्रयोगमा ल्याउने ।
- वडा कार्यालयहरु समित गाउँकार्यपालिकामा तिव्रगतिको इण्टरनेट जडान गर्ने ।
- राजस्व शाखा र वडा कार्यालय वीच कम्प्युटर संजाल स्थापना गरी राजस्व संकलनलाई व्यवस्थित पार्ने ।
- वित्तीय संस्थाहरुसंग सहकार्य गरी वैकिङ्ग प्रक्रिया मार्फत राजस्व संकलन गर्ने र कम्प्युटर प्रिण्टेड विजक जारी गर्ने ।
- राजस्व सम्वन्धी कार्यका लागि अनलाइन सेवा प्रदान गर्ने ।

**ग) कार्ययोजना :**

गाउँपालिकाको आगामी ३ वर्षीय (आर्थिक वर्ष २०७७/७८-२०७९/८०) कार्यक्रम देहाय वमोजिम रहेको छ ।

**तालिका नम्बर १६**
**राजस्व प्रशासन सुधार कार्ययोजना**

| क्रसं | कार्यक्रम | समयावधि | | | जिम्मेवारी |
|---|---|---|---|---|---|
| | | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | |
| १. | राजस्व सुधार एवं परिचालनका लागि गाउँपालिकाको राजस्व सम्वन्धी ५ वर्षे लक्ष्य सहित मध्यमकालीन नीति तथा कार्यक्रम तर्जुमा गर्ने | ✓ | | | गाउँकार्यपालिका, राजस्व परामर्श समिति |
| २. | मध्यमकालीन नीतिका आधारमा वार्षिक कार्यक्रम तयार पारी कार्यान्वयनमा ल्याउने | ✓ | | | राजस्व परामर्श समिति र राजस्व शाखा |
| ३. | प्रमुख प्रशासकीय अधिकृतलाई सिधै रिपोटिङ् गर्ने गरी कार्यपालिका अन्तर्गत राजस्व शाखा स्थापना गर्ने । शाखामा शाखा अधिकृत, प्राविधिक कर्मचारी (आइटी) सहित आवश्यक कर्मचारी गाउँकार्यपालिका व्यवस्था गर्ने | ✓ | | | गाउँकार्यपालिका |
| ४. | वडा कार्यालयवाट राजस्व संकलन गर्ने अलगै इकाइ स्थापना गरी आवश्यक कर्मचारीको व्यवस्था मिलाउने | ✓ | | | गाउँकार्यपालिका |
| ५. | स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार राजस्व परामर्श समिति गठन गर्ने | ✓ | | | गाउँकार्यपालिका |
| ६. | नागरिकहरुको अचल सम्पत्ति मूल्याङ्कनका लागि सम्पत्ति | ✓ | | | गाउँकार्यपालिका |

| | | | | | |
|---|---|---|---|---|---|
| | मूल्याङ्कन समिति गठन गर्ने | | | | |
| ७. | गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुलाई क्षमता विकास तालिम संचालन गर्ने | ✓ | ✓ | | राजस्व शाखा |
| ८. | राजस्व प्रशासनका विधि प्रक्रिया, ऐन, नियम तथा कार्यविधि एवं नीति कार्यक्रम वारे जनप्रतिनिधि एवं करदाताहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | ✓ | ✓ | ✓ | राजस्व शाखा |
| ९. | सम्भावित करदाता, स्थानीय समुदायलाई कर सम्वन्धी कर शिक्षा, सचेतना कार्यक्रम संचालन गर्ने | ✓ | ✓ | ✓ | राजस्व शाखा |
| १०. | गाउँपालिकाको आय व्यय विवरण अद्यावधिक गर्दै वेवसाइडमा अपलोड गर्ने | ✓ | ✓ | ✓ | राजस्व शाखा |
| ११. | भूमिकर, सम्पत्तिकर, व्यवसाय कर लगायतका करहरु संकलनका लागि एकद्वार कर संकलन प्रणाली अवलम्वन गर्ने | ✓ | | | राजस्व शाखा |
| १२. | राजस्व शाखा एवं वडा कार्यालयमा समेत कम्प्युटर प्रणाली आइसिटि प्रयोगमा ल्याउने | ✓ | ✓ | | गाउँकार्यपालिका |
| १३. | वडा कार्यालयहरु समित गाउँकार्यपालिकामा तिव्रगतिको इण्टरनेट जडान गर्ने | ✓ | | | गाउँकार्यपालिका |
| १४. | राजस्व शाखा र वडा कार्यालय वीच कम्प्युटर संजाल स्थापना गरी राजस्व संकलनलाई व्यवस्थित पार्ने | ✓ | | | गाउँकार्यपालिका |
| १५. | वित्तीय संस्थाहरुसंग सहकार्य गरी वैकिङ्ग प्रक्रिया मार्फत राजस्व संकलन गर्ने र कम्प्युटर प्रिण्टेड विजक जारी गर्ने | ✓ | | | राजस्व शाखा |
| १६. | राजस्व सम्वन्धी कार्यका लागि अनलाइन सेवा प्रदान गर्ने | ✓ | | | राजस्व शाखा |

# अनुसूचीहरु

**अनुसूचीः १**

रामप्रसादराई गाउँपालिका

वैकुण्ठे, भोजपुर जिल्ला

राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशालाको क्रममा सम्पत्तिकर प्रयोजनका लागि वडाका अध्यक्ष, सदस्य एवं सहभागिहरुद्वारा गरिएको जग्गाको मूल्याङ्कन मापदण्ड र न्युनतम मूल्य

| क्र.सं. | भौगोलिक क्षेत्र | | न्यूनतम मूल्यङकन (प्रतिरोपनी रु.) |
|---|---|---|---|
| | वर्गीकरण | क्षेत्रहरु | |
| | **वडा नम्वर १ : ओखे** | | |
| १ | व्यवसायिक क्षेत्र : सडकको दायाँ वायाँ ५० मिटर क्षेत्र भित्र | ओखे वजार हुर्वु भन्ज्याङग हाइट्स | ४ लाख |
| २ | ,, | डाडाखर्क, खानीगाउँ, खेनावान्ताङग | १ लाख ५० हजार |
| ३ | आवसिय क्षेत्र : सडकको दायाँ वायाँ ५० देखि ८० मिटर भित्र | ५० मिटर वाहिर | ४० हजार |
| ४ | कृषि क्षेत्र | ८० मिटर वाहिर | २५ हजार |
| ५ | अन्य क्षेत्र | खरवारी, वनपाँखा, सार्वजनिक जग्गा | १० हजार |
| | **वडा नम्वर २ : धोद्लेखानी** | | |
| ६ | व्यवसायिक क्षेत्र | हुवु भन्ज्याङग, घिन्तांग सकड खण्ड | १ लाख |
| ७ | ,, | थामा भन्ज्याङग हेरेथ वडा भवन आसपास | ५० हजार |
| ८ | ,, | वडा कार्यालय आसपास | ५० हजार |
| ९ | ,, | वडा कार्यालय देखि वेजनी सम्म | ५ हजार |
| १० | ,, | वोन्थिताग देखि खानी गाउँसम्म | ५ हजार |
| ११ | आवसिय क्षेत्र | ५० मिटर १५० सम्म को भाग | ४० हजार |
| १२ | कृषि क्षेत्र | १५० देखि ५०० मिटर | ३० हजार |
| १३ | अन्य क्षेत्र | ५०० मिरर देखि वाहिर | २५ हजार |
| | **वडा नम्वर ३ : भुल्के** | | |
| १४ | व्यवसायिक क्षेत्र | देवलीथान खोल्सी वाट भुल्के सदरमुकाम हुदै पुष्पराज निरौलाको घर पछाडि खोल्सी सम्म ३० मिटर भित्र | १६ लाख |
| १५ | ,, | दलगाउँको सिमानावाट माटिगौर हुदै भुल्के देवालीथान सम्म | १ लाख |
| १६ | ,, | दिपेनीवाट ओखे सिमाना सम्म | १ लाख |
| १७ | ,, | दलगाउँ सिमानावाट नामन्त हुदै धोदलेखानी, वैकुण्ठे सम्म | ७० हजार |
| १८ | आवसिय क्षेत्र | सडक देखि ३० मिटर देखि १०० मिटर सम्म | ४० हजार |
| १९ | कृषि क्षेत्र | सडक देखि १०० मिटर देखि २०० मिटर सम्म | २० हजार |
| २० | अन्य क्षेत्र | ३०० मिटर पछाडि | १० हजार |
| | **वडा नम्वर ४ : दलगाउँ** | | |
| २१ | व्यवसायिक क्षेत्र | सडकको दायाँवायाँ ३० मिटर सम्म प्रति रोपनी ५०,००० | ५० हजार |
| २२ | आवसिय क्षेत्र | ३० देखि ५० मिटर सम्मको क्षेत्र | २० हजार |
| २३ | कृषि क्षेत्र | ५० मिटर भन्दा वाहिर | १० हजार |
| २४ | अन्य क्षेत्र | पाँखाहरु | ५ हजार |
| | **वडा नम्वर ५ : मानेभन्ज्याङ** | | |

| | | | |
|---|---|---|---|
| २५ | व्यवसायिक क्षेत्र | डडुवा, भोर्लेनी, हिमांग, सडकखण्ड आसपास, र डडुवा मानेभन्ज्याङग आसपास | ३ लाख ५० हजार |
| २६ | आवसिय क्षेत्र | मानेभन्ज्याङग, मोर्लेनी, गुरासे, दामेछाप, स्कुलडाँडा, वेहेरेश्वर मन्दिर, कार्निके, आम्वोटे, चाक्से तुन्ताङग, रानागाउँ सरदारवारी, जुकेपानी अंगोटे, गडगाउँ देखि वगैचा, मानेमन्ज्यांग गडगाउँ, भार्लेनी सडक | ६५ हजार |
| २७ | कृषि क्षेत्र | वडा भित्रको कृषियोग्य क्षेत्र | २५ हजार |
| २८ | अन्य क्षेत्र | खरवारी, वाँभ्को | १२ हजार |
| **वडा नम्वर ६ : वैकुण्ठे** | | | |
| २९ | व्यवसायिक क्षेत्र | वैकुण्ठे केन्द्र हुदै वरभन्ज्याङग वाक्पा छापगाउँ सम्म | १ लाख |
| ३० | ,, | गापा केन्द्र देखि मालेढुंगा | ७५ हजार |
| ३१ | ,, | गापाको जग्गामा जाने सडक | २ लाख |
| ३२ | ,, | मालेवरवाट मकुवा सडक | ७५ हजार |
| ३३ | आवसिय क्षेत्र | सडक आसपास ३० मिटर देखि ५० मिटर सम्म | ६५ हजार |
| ३४ | कृषि क्षेत्र | वडाभित्र रहेको कृषियोग जमिन | २० हजार |
| ३५ | अन्य क्षेत्र | खेतीगर्न योग्य नभएको खरवारी | १० हजार |
| **वडा नम्वर ७ : वासिखोरा** | | | |
| ३६ | व्यवसायिक क्षेत्र | सडकको दायाँवायाँ ३० मिटर भित्र | ६० हजार |
| ३७ | आवसिय | ३० मिटर १०० सम्म को भाग | २० हजार |
| ३८ | कृषि | १०० देखि ५०० मिटर | १५ हजार |
| **वडा नम्वर ८ : खोक्सिक** | | | |
| ३९ | व्यवसायिक क्षेत्र | वाक्चाखा, खोक्सिक भन्ज्याङग ३० मिटर भित्र | ६० हजार |
| ४० | आवसिय | ३० मिटर १०० सम्म को भाग | २० हजार |
| ४१ | कृषि | १०० देखि ५०० मिटर | १५ हजार |
| ४२ | अन्य | ५०० मिटर वाहिर | ५ हजार |

# अनुसूची - ०२

## सम्पत्तिको न्यूनतम मूल्याङ्कन, करको दररेट र संकलन क्षमता

| क्षेत्र | घरधुरी संख्या | | घरजग्गा तथा भूमिको न्यूनतम मूल्य (सम्पत्ति) प्रति घरको | करको दररेट ( प्रतिशत) | प्रति घरधुरीको वार्षिक कर रकम रु | जम्मा कर राजस्व ( सम्पत्ति कर) १०० प्रतिशत क्षमतामा | वार्षिक क्षमता उपयोग (प्रतिशत) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्रतिशत | संख्या | | | | | ५० | ६० | ७० |
| व्यवसायिक क्षेत्र मुख्य वजार क्षेत्र | ५ | ५४ | ७५०,००० | ०.१५ | १,१२५ | ६१,२३९ | ३०,६२० | ३६,७४४ | ४२,८६८ |
| व्यवसायिक क्षेत्र मुख्य वजार क्षेत्र को आसपास | | १२७ | १,४७५,००० | ०.१३ | १,९१८ | २४३,५५१ | १२१,७७६ | १४६,१३१ | १७०,४८६ |
| आवसीय क्षेत्र | १५ | ५४४ | १,१९१,२५० | ०.०८ | ९५३ | ५१८,७६६ | २५९,३८३ | ३११,२५९ | ३६३,१३६ |
| कृषि क्षेत्र | ५० | १८१५ | १,००७,५०० | ०.०६ | ६०५ | १,०९६,८६५ | ५४८,४३३ | ६५८,११९ | ७६७,८०६ |
| अन्य क्षेत्र | ३० | १०८९ | १५२,५०० | ०.०३ | ४६ | ४९,८०८ | २४,९०४ | २९,८८५ | ३४,८६६ |
| जम्मा घरधुरी | **१००** | **३६२९** | | | | | ९८५,११५ | ११,८२,१३८ | १३,७९,१६१ |

रामप्रसादराई गाउँपालिका, वैकुण्ठे, भोजपुरमा २०७६ माघ २४र २५ गते सम्पन्न राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला सम्बन्धी केही दृष्य








रामप्रसादराई गाउँपालिका
राजस्व क्षेत्र सुधार कार्ययोजना तर्जुमा
अभिमुखीकरण तथा कार्ययोजना तर्जुमा कार्यशाला
२४-२५ माघ २०७६
प्राविधिक सहयोग
गभर्नेन्स एण्ड डिजाइन सोलुसन्स प्रा.लि.
काठमाडौं






६नं. वडा कार्यालय


क्षेत्र
स्थान
कर को दर
करदाता संख्या
राजस्व रु.
क्षेत्र
करदाता संख्या
करको दर
अनुमानित राजस्व रु.
कृषि
अन्य
जम्मा


राजस्व क्षेत्र सुधार
अभिमुखीकरण तथा
कार्यशाला